सिकाई क्षेत्र :
सामाजिक व्यवहार र मूल्यमान्यता

# पेसा, व्यवसाय र प्रविधि




## तह २

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तो किएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

## परिचय

हामी सबै कुनै न कुनै पेसा वा व्यवसायसँग आवद्ध छौँ या आबद्ध हुने योजनामा छौँ होला ? हामीले जुनसुकै पेसा वा व्यवसाय अवलम्बन गर्दा विभिन्न कुराहरूमा ख्याल राख्नुपर्ने हुन्छ । सर्वप्रथम हामीले छनोट गरेको पेसा वा व्यवसायहरू हाम्रो इच्छाअनुसार हुनु आवश्यक छ साथै त्यसले हाम्रो व्यक्तित्व विकास हुनुपर्दछ र आर्थिक तथा सामाजिक क्षेत्रमा लाभ लिन सक्नुपर्छ । त्यसैगरी हामीले प्राप्त गरेको आम्दानीलाई राम्रोसँग बुझेर मात्र विभिन्न क्षेत्रमा लगानी गर्नुपर्छ जसले हाम्रो आम्दानीलाई थप बढाउन प्रेरित गर्दछ। हामीले आफ्नो पेसा तथा व्यवसायलाई थप मजबुत बनाउन हामीसँग उचित सिप तथा दक्षता हुनुका साथै प्रविधिसँग जानकार हुनु निकै आवश्यक छ। उपयुक्त सिप तथा प्रविधिले मात्र हामीले आफ्नो पेसा तथा व्यवसायमा थप सफलता हासिल गर्न सक्छौँ । पेसा तथा व्यवसायलाई मजबुत बनाउन सकेमा मात्र हामीले आफू र आफ्नो परिवारको भविष्यलाई उज्वल बनाउन सक्छौँ । यो मोडुलमा हामी पेसा तथा व्यवसायसम्बन्धी माथि उल्लिखित कुराहरू बारे छलफल गर्ने छौँ र आफ्नो पेसा व्यवसायलाई थप मजबुत बनाउने उपायहरू बारे अध्ययन गर्ने छौँ ।

## सक्षमता

- इच्छाइएको पेसा वा व्यवसायको छनोट र सोसम्बन्धी प्रारम्भिक सिप विकास

## सिकाइ उपलब्धि

- छर छिमेकले गर्ने काम, पेसा वा व्यवसायको विवरण तयार गर्न र त्यसले समाजमा पारेको प्रभावक विश्लेषण गर्न,
- समाजमा आम्दानीको उपयोग कसरी भएको छ विश्लेषण गर्न र सार्थक उपयोगका लागि सरिक हुन,
- आफू र परिवारलाई उपयोगी पेसा वा व्यवसायको छनोट गरी औचित्य प्रस्तुत गर्न,
- पहिचान गरी छानेका व्यावसायिक वा पेसागत सिपको दक्षता प्रदर्शन गर्न,
- आफूले चाहेको पेसा वा व्ययसायमा उपयोग हुने निश्चित विधि र प्रविधिको पहिचान गरी त्यसको पुस्ट्याइँ गर्न,

## पाठहरू

यो मोडुलमा ४ ओटा पाठहरू छन् :

पाठ १ : छरछिमेकको पेसा तथा व्यवसाय

पाठ २ : आम्दानीको उपयोगिता

पाठ ३ : पारिवारिक पेसा वा व्यवसाय छनोट

पाठ ४ : पेसा तथा व्यवसायमा सिप तथा प्रविधिको प्रयोग

# पूर्व सिकाई परिक्षण

**सही उत्तरमा (√)चिह्न लगाउनुहोस् ।**

१. पेसा वा व्यवसाय छनोटको प्रमुख आधार के हो ?

क. इच्छाइएको वा चाहेको पेसा गर्ने
ख. व्यक्तित्व विकास हुने पेसा गर्ने
ग. आफ्नो सिप तथा दक्षताअनुसारको पेसा गर्ने
घ. माथिका सबै

२. हरेक पेसाको सम्मान किन गर्नुपर्छ ?

क. समाजमा सबै पेसाको समान महत्त्व भएकाले
ख. एउटा पेसामा लागेको व्यक्तिले अर्को व्यक्तिलाई विभेद गर्नाले
ग. कुनै पेसा ठुलो वा कुनै पेसा सानो हुनाले
घ. एउटा पेसा भएकाले अर्कालाई हेर्ने दृष्टिकोण फरक भएकाले

३. आम्दानीको सही उपयोग गर्ने तरिका कुन हो ?

क.आफूले मन लागेको चिजमा जथाभाबी खर्च गर्ने
ख. मन परेको कुरा तुरुन्तै गर्ने
ग. आफूले जानेको क्षेत्रमा थप लगानी गर्ने
घ. माथिका सबै

४. पेसा वा व्यवसायमा सफलता प्राप्त गर्ने चाहिने मुख्य सिप कुन हो ?

क. सञ्चार सिप
ख. समस्या समाधान सिप
ग. समय व्यवस्थापन सिप
घ. माथिका सबै

**तल दिइएका वाक्यहरू सही भए (√) र गलत भए(X) चिह्न लगाउनुहोस् ।**

१. सामाजिक सद्भाव कायम राख्न सबै पेसा तथा व्यवसायलाई उचित सम्मान र महत्व दिनु आवश्यक छ । ☐
२. किसानले उब्जनी गर्ने तरकारी, डाक्टरले गर्ने स्वास्थ्य सेवा, शिक्षकले दिने शिक्षा सबै एकअर्काका परिपूरक मानिन्छ । ☐
३. पेसागत विविधता कायम हुनु भनेको समाजमा विभेद निम्त्याउने प्रमुख तत्व हो । ☐
४. आफ्नो पेसा वा व्यवसायबाट व्यक्तित्व विकास हुनुपर्छ भन्ने धारणाले खासै असर गर्दैन । ☐
५. आफूले चाहेको क्षेत्रमा काम नगर्दा काममा मन नलाग्ने तथा ठिक परिणाम दिन नसक्ने सम्भावना रहन्छ । ☐
६. हामीले काममा मात्र बढी चिन्तन राख्दा र समय बिताउँदा आफ्नो दैनिक जीवनसँग सन्तुलन राख्न आवश्यक हुँदैन । ☐
७. हामीले आफ्नो आम्दानीलाई खानपान तथा लत्ताकपडा र मनोरञ्जनका क्षेत्रमा बढी खर्च गर्नु धेरै उपयुक्त हुन्छ । ☐
८. सानो सानो भए पनि बचत गर्ने बानीले भविष्यमा लगानीका अवसरलाई सदुपयोग गर्न सकिन्छ । ☐
९. नेपालको सहरी क्षेत्रमा आम्दानीको ठुलो हिस्सा आवासमा तथा ग्रामीण क्षेत्रमा खानपानमा बढी खर्च हुन्छ । ☐
१०. प्राविधिक ज्ञान र सिपको समायोजनले परिवर्तित समयमा खासै भिन्नता राख्दैन । ☐
११. समय व्यवस्थापन, उचित सङ्गठन तथा कामको प्राथमिकता निर्धारण गर्नाले व्यक्तिले दक्षता हासिल गर्नमा सहयोगी हुन्छ । ☐
१२. सञ्चार सिप र सम्बन्ध विस्तार सिप दुबैमा अन्य व्यक्ति सँग गरिने व्यवहार र उनीहरूसँगको समन्वय र सहकार्य महत्वपूर्ण हुन्छ । ☐

ल अब हेरौँ है त, यहाँले कस्तो गर्नुभयो ?
तपाईंको उत्तर पृष्ठ नं ...............दिइएको उत्तरसँग मिल्यो कि मिलेन ?


तपाईंको उत्तर कति मिल्यो ? सबै उत्तर सही भए, धेरै राम्रो गर्नुभयो, तपाईंलाई बधाई छ। यसबाट थाहा हुन्छ कि तपाईंलाई यस मोडुलका सम्बन्धमा धेरै जानकारी छ। तर पनि तपाईं आफूले थाहा पाइसकेको विषयवस्तुको समीक्षा गर्न यो मोडुलको अध्ययन गर्न सक्नुहुन्छ। यसो गर्दा तपाईंले थप केही नयाँ कुरा सिक्न पनि सक्नुहुन्छ। यदि तपाईंका उत्तरहरू अधिकांश मिलेन भने पनि चिन्ता नगर्नुहोस्। वास्तवमा यो मोडुल तपाईंकै लागि तयार गरिएको हो। यसको अध्ययनले तपाईंलाई दैनिक जीवनमा कामलाग्ने ज्ञान, सिप, अवधारणा आदिका सम्बन्धमा जानकारी हुने छ। यसको अध्ययनले तपाईंलाई माथिका सबै प्रश्नहरू ठिकसँग उत्तर दिन र अन्य धेरै कुराहरू पनि जान्न-बुझ्न मद्दत गर्ने छ। के तपाईं तयार हुनुहुन्छ ? अब हामी पाठ सुरु गरौँ है त।

पाठ
१

# छरछिमेकको पेसा तथा व्यवसाय

तपाईं कुनै व्यवसाय अथवा पेसा अपनाउनुहुन्छहोला । तपाईंको परिवार, छिमेक, आफन्त अथवा समाजमा कोही किसान, कोही व्यापारी, कोही शिक्षक, कोही सरकारी जागिरे अथवा डाक्टर, इन्जिनियर होलान् । ती फरक फरक खालका पेसा तथा व्यवसाय भएका मानिसहरूको बिचमा कहिल्यै आफ्नो पेसा वा व्यवसायको नाममा झगडा भएको देख्नुभएको छ ? उनीहरूले आफूलाई ठुलो ठानेर अरूलाई हेप्ने गरेको देख्नुभएको छ ? अवश्य छैनहोला । हाम्रो समाजमा विभिन्न पेसा तथा व्यवसाय भएका मानिसहरू छन् र ती सबै पेसा तथा व्यवसाय भएका मानिसहरू एक अर्कामा निर्भर रहन्छन् । यी सबै खालका मानिसहरूको समाजमा समान महत्त्व हुन्छ । समाजका सबै मानिसहरूले अपनाएको पेसा वा व्यवसायले गर्दा नै समाज अगाडि बढ्न सहज हुन्छ । यस पाठमा हामी हाम्रो छरछिमेकमा के कस्ता पेसाहरू अपनाइन्छन् र ती पेसा तथा व्यवसायको महत्त्व के छ भन्ने कुराका बारेमा छलफल गर्ने छौं । आउनुहोस् पाठ सुरु गरौं है त ।

सबैभन्दा पहिले एउटा सुन्दर सहरमा बस्ने सुन्दर मानिसहरूको बारेमा कथा पढौं र मनन गरौं ।



कुनै समयको कुरा हो, एउटा पहाडको खोँचमा बसेको सानो सहरमा विभिन्न प्रकारका मानिसहरू बस्थे । उक्त सहरमा बस्ने प्रत्येक व्यक्तिको आफ्नो छुट्टाछुट्टै पेसा थियो जसले त्यो सानो सहरमा बस्ने मानिसहरूको दैनिकी सहज रूपमा अगाडि बढेको थियो ।


त्यहाँ राम नाम गरेका किसान थिए । जसले आफ्नो परिवार को विरासतमा पाएको जमिनलाई सही ढङ्गले खेतीपाती गरेर परिवार पालेका थिए । उनले विभिन्न प्रकारका फलफुल र तरकारीहरू लगाउनुका साथै गाईपालन पनि गरेका थिए । त्यस सानो सहरका मानिसहरूलाई उनले ताजा फलफुल तथा तरकारी र दुध उपलब्ध गराउने हुँदा उनलाई मानिसहरूले सफल किसानको रूपमा चिन्दथे । उनको सफलता देखेर धेरै मानिसहरू उनीसँग दिगो खेतीसम्बन्धी ज्ञान लिन आउँथे र उनले पनि आफूले जानेका कुरा निर्धक्क सँग सिकाउथेँ ।



रामको सुन्तला खेती भएको खेतको छेउमा स्थानीय अस्पतालमा काम गर्ने नर्स माया बस्थिन् । उनको खास नाम रीता भएपनि उनी निकै दयालु र सबैलाई माया गर्ने हुनाले उनलाई सबैले माया भनेर बोलाउथे । उनी आफ्नो कामलाई निकै महत्त्व दिन्थिन् र अधिकांश समय अस्पतालमा बिरामीको सेवामा तल्लिन हुन्थिन् । उनी अस्पतालबाहेक अफठ्यारो परे को बेलामा घरमा पनि बिरामी मानिसहरूलाई सेवा दिन्थिन् । स्थानीय अस्पतालमा काम गनका साथै उनी स्थानीय सामुदायिक केन्द्रमा स्वयंसेवक पनि थिइन्, जहाँ उनले आधारभूत प्राथमिक उपचार र स्वास्थ्य शिक्षा कक्षाहरू पढाउँथिन् ।



उक्त सहरको बिचमा एउटा पुरानो विद्यालय थियो, जहाँ हरि नाम गरेका शिक्षकले विज्ञान विषय पढाउथे । उनले एकदम व्यावहारिक रूपमा शिक्षा दिने हुँदा विद्यार्थीहरूको बिचमा एकदमै परिचित थिए । उनी आफ्नो पेसा प्रति एकदमै समर्पित थिए र विद्यार्थीहरूलाई पढ्नको लागि उत्प्रेरणा जगाउथे । हरेक विद्यार्थीको क्षमताको कदर गर्दै उनीहरूको सिकाइ सक्षमता बढाउन भरपूर सहयोग गर्दथे । उनी सधैँ आफ्ना विद्यार्थीहरूलाई सफल हुन मद्दत गर्न अतिरिक्त समय काम गर्न पनि इच्छुक हुन्थे । उनले पढाएका विद्यार्थीहरू हाल डाक्टर, इन्जिनियर भएर विश्वका धेरै ठाउँमा पुगेका छन् ।



सहरको बाहिरी भागमा, विशाल भन्ने मानिसको एक वर्कसप थियो जहाँ हरेक किसिमका गाडी तथा दुई पाङ्ग्रेहरूको मर्मत हुन्थ्यो । त्यस सहरको बाटो भएर गुड्ने हरेक गाडी, ट्रक, कार तथा दुईपाङ्ग्रे सबारी साधन बिचमा विशालको वर्कसप एकदम परिचित थियो र उनको वर्कसप सधैं व्यस्त रहन्थ्यो । उनको वर्कसपमा अन्य ५ जना स्थानीय युवाहरूले रोजगार पाएका थिए र साथै कोही नयाँ युवाहरू सिक्न आएमा आफ्नो वर्कसपमा काम सिकाउनका लागि राख्थे । उनको काम प्रतिको लगनशीलाता र इमान्दारिताको कारणले सबैले उनलाई माइकल दाई भनेर सम्बोधन गर्थे ।



त्यसैगरी त्यस सहरमा अनुपमा नाम गरेकी गायिका बस्थिन् जो आफ्नो स्वर तथा सङ्गीतले ख्याति कमाएकी थिइन् । उनले गीत गाउनुको साथ साथै आफ्नै सङ्गीत विद्यालय खो लेकी थिइन् जहाँ त्यस सहरका बालबालिका तथा युवाहरू गीतसङ्गीत सिक्न आउने गर्दथे । उनले समय समयमा गीत रेकर्डिङ गराउथिन् र स्थानीय महोत्सवहरूमा प्रस्तुति दिएर सबैलाई आफ्नो स्वरले मोहित पार्थिन् । उनको स्वरले र महोत्सवहरूमा गर्ने प्रदर्शनले ठुलो भीडलाई आकर्षण गर्दथ्यो । उनले कतिपय सामुदायिक कार्यक्रमहरूमा पनि सित्तै मा गीत गाएर मनोरञ्जन दिने गर्थिन् । उनको स्वर र व्यवहार लाई देखेर स्थानीयहरूले उनलाई कोइली देवी भनेर बोलाउने गर्दथे ।



यी सबै व्यक्तिहरू समुदायका धेरै मेहनती र समर्पित सदस्यहरू मध्ये केही उदाहरण मात्र हुन् जसको आफ्नै विशिष्ट पेसा रहेको छ । यद्यपि तिनीहरूको पेसा मा भएको भिन्नताहरूको बाबजुद, तिनीहरू सबैमा एउटै कुरा साझा थियो । त्यो भनेको तिनीहरू सबैले सकारात्मक तरिकाले समुदायमा योगदान दिएका थिए, र समाजलाई साँच्चै राम्रो बनाएका थिए ।

वर्षहरू बित्दै जाँदा, यी सम्पूर्ण फरक पेसा भएका समर्पित व्यक्तिहरूको मिहेनतले सहर फस्टाउँदै गयो । किसानहरूले प्रशस्त बालीहरू भित्र्याउन सके, अस्पताल राम्रोसँग सञ्चालन हुन सक्यो, बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न सफल भए, सडक तथा भौतिक संरचना राम्रोसँग अगाडि बढे तथा सामुदायिक कार्यक्रमहरू नियमित रूपमा व्यवस्थित ढङ्गले सञ्चालन हुन थाले । यसरी यो सहर उत्कृष्ट सहरको रूपमा चिनिन थाल्यो र यस सहरले अपनाएका उपायहरू अन्य सहरले पनि अपनाउन सुरु गरे ।

**माथिको कथा पढिसकेपछि तल सोधिएका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् ।**

क. रामलाई किन मानिसहरूले सफल किसान मान्दथे ?

उत्तर :

ख. हरिले समाजमा कस्तो योगदान दिएका छन् ?

उत्तरः

ग. रीतालाई किन सबैले माया भनेर बोलाउथे ?

उत्तरः

घ. विशालले कसरी युवाहरूलाई सहयोग गरिरहेका छन् ?

उत्तर :

ङ. अनुपमाको मुख्य पेसा के हो ? उनले आफ्नो प्रतिभालाई कसरी अगाडि बढाई रहेकी छन् ?

उत्तर :

च. तपाईंको विचारमा माथि कथामा प्रस्तुत गरिएको सहर कसरी सफल सहरको उदाहरण भयो होला ? कथाका आधारमा आफ्नो अनुभव लेख्नुहोस् ।

उत्तर :

छ. यस कथाले देखाउन खोजेको मुख्य सन्देश के होला ?

उत्तर :

**माथिको कथाका आधारमा तलको तालिका भर्नुहोस् । तालिकाको बाँयातर्फ कथाका पात्रहरूको नाम दिइएको छ, अब तालिकाको दाँयातर्फ ती पात्रहरूले समाजमा दिएको योगदानका बारेमा उल्लेख गर्नुहोस् । सजिलोका लागि एउटा पात्रको योगदान राखिएको छ उक्त उदाहरण हेरेर तालिका भर्नुहोला ।**

| पात्र | योगदान |
|---|---|
| राम | समाजमा ताजा फलफुल तथा तरकारी उपलब्ध गर्नको साथै युवाहरूलाई कृषिमा लाग्न प्रेरणा दिएको |
| हरि | |
| विशाल | |
| माया | |
| अनुपमा | |

**माथिको कथामा दिइएको जस्तै तपाईंको सामुदायमा पनि विभिन्न पेसा तथा व्यवसाय गर्ने मानिसहरू छन्, ती पेसा व्यवसाय गर्ने मानिसहरू मध्ये कुनै ५ मानिसहरू छान्नुहोस् जसको पेसा फरक फरक छ र उनीहरूले अपनाएको पेसाका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।**

पहिलो व्यक्ति :

दोस्रो व्यक्ति :

तेस्रो व्यक्ति :

चौँथो व्यक्ति :

पाँचौँ व्यक्ति :

**माथि हामीले हाम्रो सामुदायमा भएका फरक फरक पेसाका बारेमा जानकारी हासिल गऱ्यौं, अब हामी समाजमा भएका फरक फरक पेसाको महत्त्व के छ भन्ने बारेमा चर्चा गर्नेछौं । अब भर्खरै वैदेशिक रोजगारीबाट फर्केर आएका छत्रबहादुर र गाउँमा आफ्नै मोबाइल पसल थापेर बसेका उनका साथी विरबहादुर बिचको संवाद सुनौं है त ।**



**छत्रबहादुर :** के छ हो वीरबहादुर, तिमीले त मोबाइल पसल थापेका रहेछौ त, बधाई छ तिमीलाई धेरै राम्रो गऱ्यौ ।

**वीरबहादुर :** के गर्ने साथी परिवार पाल्न केही न केही त गर्नै पऱ्यो । अनि सुनाऊ तिम्रो के छ, अनि कहिले आयौ विदेशबाट ?

**छत्रबहादुर :** म अस्ति मात्र आएको, गाउँमा त सबै साथीहरू त कुनै न कुनै पेसा  तथा व्यवसायमा लागेका रहेछन् म त छक्क परेँ, कति परिवर्तन भएको रहेछ है ।

**वीरबहादुर :** हो त साथी सधै एकैनास कहाँ हुन्छ, सबैले काम गर्नपर्छ भन्ने महसुस गरेर कुनै न कुनै पेसा  वा व्यवसायमा लागेका छन् । फेरि काम नगरिकन बस्न पनि त भएन नि ।

**छत्रबहादुर :** मलाई खुसी चाहिँ केमा लाग्यो भने अहिले त सबैको पेसा  तथा व्यवसायमा कस्तो विविधता रहेको रहेछ ।

**वीरबहादुर :** यसरी विविधता हुनु त कस्तो राम्रो हो नि, समाजमा पेसा  तथा व्यवसायमा विविधता भयो भने त्यसले समाजलाइ अगाडि बढाउन मद्दत गर्दछ ।

**छत्रबहादुर :** तिमीले भनेको एकदम सही हो । यसले हाम्रो समुदायलाई बलियो बनाउँछ । प्रत्येक पेसाले समुदायको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ । उदाहरणका लागि हाम्रो समुदायका किसानहरूले हामीलाई ताजा तरकारी तथा फलफुल उपलब्ध गराउन तथा वातावरण सन्तुलन कायम राख्न मद्दत गर्दछन् ।उनीहरू बिना, हामी बाँच्नका लागि आवश्यक खाना प्राप्त हुँदैन ।

**वीरबहादुर :** हो नि, तिमीले ठिक भन्यौ । अर्कातर्फ हेर्न हाम्रो समुदायका डाक्टर र शिक्षकहरूको क्रमशः हाम्रो

शारीरिक र मानसिक स्वास्थ्य र शिक्षाका लागि जिम्मेबार छन् । उनीहरूले गर्दा हामीले शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच प्राप्त गरेका छौँ ।

**छत्रबहादुर :** त्यसो भन्दै गर्दा साना व्यापारीहरूलाई पनि बिर्सनु हुँदैन है । तिनीहरूले थोरै मात्र भए पनि रोजगारी र समाजको आर्थिक वृद्धि प्रदान गर्छन् । तिनीहरूले हाम्रो समुदायको पैसा बाहिर जानबाट रोकी समुदायमा नै खर्च गर्ने बानी बसाल्छन् ।

**वीरबहादुर :** हाम्रा साथीहरू कोही इन्जिनियर पनि छन् है । उनीहरूले सडक, भवन, र सार्वजनिक ठाउँहरूको पूर्वाधारहरू डिजाइन र निर्माण गर्न मद्दत गर्छन् ।

**छत्रबहादुर :** हाम्रो समुदायका कोही कलाकार तथा कोही गीतकार तथा सङ्गीतकारहरू पनि छन् नि तिमीलाई थाहा छ ? तिनीहरूले हाम्रो जीवनमा सौन्दर्य र संस्कृति ल्याउँछन्, तिनीहरूले हामीलाई मनोरञ्जन दिन्छन् ।

**वीरबहादुर :** हो त है । अहिले त गाउँमा प्रहरी चौकी पनि बनेको रहेछ, ती प्रहरीहरूको पनि कति धेरै महत्व छ नि तिनीहरूले हामीलाई सुरक्षित राख्छन् र हाम्रो सम्पत्तिको सुरक्षा गर्छन् ।

**छत्रबहादुर :** त्यही त कति धेरै खालका पेसा है हाम्रो समाजमा, हामी त कुरा गर्दा गर्दै समय बितेको थाहा नै भएन है !

**वीरबहादुर :** त्यही यो कुलो र कुरा त जति गरे नि सकिँदैन के । मेरो पसलमा मान्छे आए जस्तो छ, भरे बेलुका सबै जना मेरो घरमा भेटेर रमाइलो गरौँ है म अरू साथीहरूलाई पनि बोलाउँछु ।

**छत्रबहादुर :** हुन्छ ल, म भरे आउँछु अनि मज्जाले गफ गरौँला ।

(यति कुरा सकेर दुबै जना छुट्टिन्छन्)

**माथि दुई साथीबिचको संवाद पढिसकेपछि तलका वाक्यहरू सही भएमा (√) तथा गलत भएमा (×) लेख्नुहोस् ।**

क. किसानले समाजका लागि आवश्यक खाद्यान्न उपलब्ध गराउँछन् । ☐

ख. साना साना व्यापारीहरूले समाजको पैसा बाहिर जानबाट रोक्न मद्दत गर्छन् । ☐

ग. समाजमा भएका पेसागत विविधताले समाजलाई अघि बढ्नबाट रोक्छ । ☐

घ. कामको आधारमा कोही मानिस पनि ठुलो तथा सानो हुँदैन । ☐

ङ. समाजमा राम्रो सडक तथा भवन बनाउनलाई समाजमा राम्रो इन्जिनियरहरू हुनु जरुरी छ । ☐

**माथिको संवादमा प्रस्तुत गरिएका पेसाहरूको समाजमा के महत्त्व रहेको छ तलको तालिकामा लेख्नुहोस् ।**

| पेसा | सामाजिक महत्व |
|---|---|
| डाक्टर | |
| किसान | |
| शिक्षक | |
| इन्जिनियर | |
| प्रहरी | |
| व्यापारी | |

**अब हाम्रो समाजमा पेसाको महत्त्वबारे कथा पढौँ र मनन गरौँ ।**

## पेसाको महत्व







कुनै समयको कुरा हो, एउटा सानो गाउँमा विभिन्न पेसा भएका मानिसहरूको समूह बस्थ्यो । त्यहाँ किसान थिए, जसले बालीहरूको हेरचाह गर्थे र समुदायलाई खाना प्रदान गर्थे । सिकर्मी, जसले घरहरू बनाए र मर्मत गरे । बालबालिकालाई पढाउने शिक्षक, बिरामी र वृद्धहरूको हेरचाह गर्ने नर्स तथा गाउँमा सामान र सेवा प्रदान गर्न  पसलहरू थिए ।

सुरुमा, गाउँलेहरू प्रायः एक-अर्काको पेसालाई तुच्छ ठान्थे, तिनीहरूको आफ्नै पेसालाई सबैभन्दा महत्त्वपूर्ण हो भनेर सोच्ने गर्थे, अरूको पेसालाई महत्त्व दिँदैनथे । किसानले सिकर्मीको काम अनावश्यक ठान्थे, सिकर्मीले शिक्षकको काम सजिलो ठान्थे, शिक्षकले नर्सको काम नराम्रो सोच्थे आदि आदि । एक दिन त्यस गाउँमा ठुलो आँधी आयो र गाउँको धेरै भाग ध्वस्त भयो । किसानको बाली नष्ट भयो, सिकर्मीको घर भत्कियो, शिक्षकको विद्यालय ध्वस्त भयो । घाइतेहरूको सङ्ख्या देखेर नर्स छक्क परे, पसलका पसल लुटिए ।



गाउँलेहरूले तुरुन्तै महसुस गरे कि उनीहरूलाई आफ्नो गाउँ पुनर्निर्माण गर्न एकअर्काको सहयोग चाहिन्छ । किसानले मजदुरहरूलाई खाना उपलब्ध गराए, सिकर्मीले घरहरू मर्मत गरे, शिक्षकले बालबालिकाहरूलाई पुनर्निर्माणमा कसरी मद्दत गर्ने भनेर सिकाए, नर्सले घाइतेहरूलाई उपचार गराए, र पसलले पुनर्निर्माण प्रयासका लागि आवश्यक उपकरण  आपूति गरे । उनीहरूले मिलेर काम गरे र समयसँगै गाउँ पुनर्निर्माण भयो र पहिले भन्दा अझ सुन्दर भयो ।



त्यस दिनदेखि गाउँलेहरूले एकअर्काको पेसालाई सम्मान र कदर गर्न थाले । उनीहरूले बुझे कि समुदाय अगाडि बढाउन सबैको अद्वितीय र महत्त्वपूर्ण भूमिका छ । किसानको बालीले खानेकुरा दियो, सिकर्मीको घरले बास दियो, शिक्षकको शिक्षाले ज्ञान दियो, नर्सको हेरचाहले स्वास्थ्य दियो र पसलेको वस्तु र सेवाले समुदायका आधारभूत आवश्यकताहरू पूरा गर्‍यो ।

यस अनुभवबाट, गाउँलेहरूले सिके कि प्रत्येक व्यक्तिलाई उनीहरूको अद्वितीय प्रतिभा र पेसाका लागि कदर र सम्मान गरियो भने मात्र समुदाय फस्टाउन सक्छ । तिनीहरूले महसुस गरे कि कुनै पनि पेसा अर्कोभन्दा सानो हुँदैन, र सबैको योगदान समुदायको समग्र कल्याणका लागि आवश्यक छ ।

यस कथाबाट, हामी सिक्न सक्छौँ कि सबैको आ-आफ्नै महत्त्व छ र सँगै काम गरेर, हामी धेरै हासिल गर्न सक्छौँ । हामी सबैले हाम्रो समुदायमा विभिन्न पेसाहरूको कदर र सम्मान गर्न सिक्नुपर्छ ।

**अब तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

क. त्यस गाउँमा कस्ता कस्ता पेसा भएका मानिसहरू थिए ?

उत्तर :

ख. गाउँलेहरूले एक अर्काको कामलाई किन तुच्छ ठाने होलान्?

उत्तर :

ग. कुन घटनाले गाउलेहरूलाई सबै कामको महत्त्व हुन्छ भन्ने महसुस गरायो ?

उत्तर :

घ. समाजमा घटेको ठुलो विपद् पश्चात् गाउँलेहरूले कसरी एक अर्कालाई सहयोग गरे ?

उत्तर :

ङ. यस कथाबाट सिक्नुपर्ने मुख्य कुरा के हो ?

उत्तर :

च. हामीले किन एक अर्काको पेसालाई सम्मान गर्नुपर्छ होला ?

उत्तर :

## परियोजना कार्य

**तपाईंको समाजमा विभिन्न पेसा र व्यवसाय गर्ने कुनै पाँचजना व्यक्तिहरूलाई प्रत्यक्ष रूपमा भेट्नुहोस् र उनीहरूले आफ्नो पेसा वा व्यवसायलाई सफल बनाउन के कस्ता कामहरू तथा उपायहरू अवलम्बन गरेका छन् भन्ने कुरा उनीहरूसँग अन्तर्वार्तामार्फत थाहा पाउनुहोस् । ती सबै जानकारीलाई छोटकरीमा अरूले बुझ्ने गरी मिलाएर लेख्नुहोस् र आफूले लेखेको कुरा आफ्ना परिवारको सदस्य वा साथीलाई सुनाउनुहोस् ।**

१......................................................................................................................................
......................................................................................................................................
..........................................
२......................................................................................................................................
......................................................................................................................................
..........................................
३......................................................................................................................................
......................................................................................................................................
..........................................
४......................................................................................................................................
......................................................................................................................................
...........................................
५......................................................................................................................................
......................................................................................................................................
..........................................

**सम्झनुपर्ने मुख्य मुख्य बुँदाहरू:**

- प्रत्येक व्यक्तिलाई उनीहरूको अद्वितीय प्रतिभा र पेसाका लागि कदर र सम्मान गरियो भने मात्र सामुदाय फस्टाउन सक्छ ।
- कुनै पनि पेसा वा व्यवसाय सानो ठुलो भन्ने हुँदैन र सबै पेसा र व्यवसायको योगदान सामुदायको समग्र कल्याणका लागि आवश्यक छ ।
- समाजमा सबै पेसाको आ-आफ्नै महत्त्व छ त्यसैले हामी सबैले हाम्रो सामुदायमा विभिन्न पेसाहरूको कदर र सम्मान गर्न सिक्नुपर्छ ।
- समाजमा हरेक पेसा एक अर्कासँग सम्बन्धित छन्, हरेक पेसा व्यवसायले कुनै न कुनै तबरले समाजलाई अगाडि बढाउन भूमिका खेलेको हुन्छ ।
- एक अर्काको पेसा तथा व्यवसायलाई सम्मान गरी अगाडि बढ्नुले नै सामाजिक विकास तथा सामाजिक हित गर्न मद्दत गर्दछ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् ।**

क. सामाजिक सद्भाव कायम राख्न सबै पेसा तथा व्यवसायलाई उचित सम्मान र महत्व दिनु आवश्यक छ । ☐

ख. हाम्रो समाजमा खासगरी डाक्टर, इन्जिनियर जस्ता पेसालाई खास महत्त्व दिनुपर्छ किनकि यी पेसा धारण गरेका व्यक्तिहरू अरूभन्दा विशेष हुन्छन् । ☐

ग. किसानले उब्जनी गर्ने तरकारी, डाक्टरले गर्ने स्वास्थ्य सेवा, शिक्षकले दिने शिक्षा सबै एकअर्काका परिपूरक मानिन्छन् । ☐

घ. काम तथा पेसाका आधारमा कुनै पनि व्यक्ति अर्को व्यक्तिभन्दा सानो वा ठुलो मानिनु हुँदैन । ☐

ङ. पेसागत विविधता कायम हुनु भनेको समाजमा विभेद निम्त्याउने प्रमुख तत्त्व हो । ☐

## पृष्ठपोषण

**माथिको कथा पढिसकेपछि तल सोधिएका प्रश्नहरूको छोटकरीमा उत्तर दिनुहोस् ।**

**क. रामलाई किन मानिसहरूले सफल किसान मान्दथे ?**

उत्तर : सानो सहरका मानिसहरूलाई उनले ताजा फलफुल तथा तरकारी र दुध उपलब्ध गराउने हुँदा उनलाई मानिसहरूले सफल किसानको रूपमा चिन्दथे ।

**ख. हरिले समाजमा कस्तो योगदान दिएका छन् ?**

उत्तर : उनले आफूले जानेको र सिकेको ज्ञानलाई विद्यार्थीहरूलाई सिकाएर योगदान दिएका छन् ।

**ग. रीतालाई किन सबैले माया भनेर बोलाउँथे ?**

उत्तर : उनी निकै दयालु र सबैलाई माया गर्ने हुनाले उनलाई सबैले माया भनेर बोलाउँथे ।

**घ. विशालले कसरी युवाहरूलाई सहयोग गरिरहेका छन् ?**

उत्तर : उनले युवाहरूलाई आफ्नो वर्कसपमा रोजगारी दिएर सहयोग गरिरहेका छन् ।

**ङ. अनुपमाको मुख्य पेसा के हो ? उनले आफ्नो प्रतिभालाई कसरी अगाडि बढाइरहेकी छन् ?**

उत्तर : उनको मुख्य पेसा गीत गाउनु र अरूलाई सङ्गीत सिकाउनु हो । उनले गीत गाएर तथा अरूलाई सङ्गीत सिकाउने काम गर्दै आफ्नो प्रतिभा अगाडि बढाएकी छन् ।

**च. तपाईंको विचारमा माथि कथामा प्रस्तुत गरिएको सहर कसरी सफल सहरको उदाहरण भयो होला ? कथाको आधारमा आफ्नो अनुभव लेख्नुहोस् ।**

उत्तर : मेरो विचारमा यस सहरमा फरक फरक पेसा भएका मानिसहरूले आफ्नो आफ्नो क्षेत्रमा सही ढङ्गले काम गरेकाले सफल सहरको रूपमा विकास भएको देखिन्छ ।

**छ. यस कथाले देखाउन खोजेको मुख्य सन्देश के होला ?**

उत्तर : यस कथाले समाजमा सबैको पेसा फरक फरक भए पनि आफ्नो पेसालाई सही तरिकाले अपनाउँदा पूरा समाजलाई फाइदा हुन्छ भनेर देखाउन खोजेको छ ।

**माथिको कथाका आधारमा तलको तालिका भर्नुहोस् । तालिकाको बाँयातर्फ कथाका पात्रहरूको नाम दिइएको छ, अब तालिकाको दाँयातर्फ ती पात्रहरूले समाजमा गरेको योगदानका बारेमा उल्लेख गर्नुहोस । सजिलोका लागि एउटा पात्रको योगदान राखिएको छ, उक्त उदाहरण हेरेर तालिका भर्नुहोला ।**

| पात्र | योगदान |
|---|---|
| राम | समाजमा ताजा फलफुल तथा तरकारी उपलब्ध गर्नुको साथै युवाहरूलाई कृषिमा लाग्न प्रेरणा दिएको |
| हरि | आफूले जानेको ज्ञानलाई विद्यार्थी समक्ष बाँडेर पढाइमा अग्रसर हुन प्रेरित गरेको, |
| विशाल | युवाहरूलाई रोजगार दिएर आफ्नो ठाउँमा नै बस्ने वातावरण निर्माण गरेको, |
| माया | स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन योगदान गरेको, |
| अनुपमा | गीत सङ्गीतबाट मनोरन्जनका साथै आफूले जानेको कुरा अरूलाई सिकाएर त्यस ठाउँको सङ्गीतको विकासमा योगदान गरेको |

**माथि दुई साथीबिचको संवाद पढिसकेपछि तलका वाक्यहरू सही भएमा (√) तथा गलत भएमा (×) लेख्नुहोस् ।**

क. किसानले समाजका लागि आवश्यक खाद्यन्न उपलब्ध गराउँछन् । √

ख. साना साना व्यापारीहरूले समाजको पैसा बाहिर जानबाट रोक्न मद्दत गर्छन् । √

ग. समाजमा भएका पेसा गत विविधताले समाजलाई अघि बढ्नबाट रोक्छ । ×

घ. कामको आधारमा कोही मानिस पनि ठुलो तथा सानो हुँदैन । √

ङ. समाजमा राम्रो सडक तथा भवन बनाउनलाई समाजमा राम्रा इन्जिनियरहरू हुनु जरुरी छ । √

**माथिको संवादमा प्रस्तुत गरिएका पेसाहरूको समाजमा के महत्त्व रहेको छ तलको तालिकामा लेख्नुहोस् ।**

| पेसा | सामाजिक महत्व |
|---|---|
| डाक्टर | मानिसहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराउन |
| किसान | अन्न तथा तरकारीहरू समाजका मानिसहरूलाई उपलब्ध गराउन |
| शिक्षक | आफूले जानेको ज्ञानलाई अरूलाई बाँडेर वा शिक्षा दिएर |
| इन्जिनियर | घर तथा सडकहरू बनाएर |
| प्रहरी | समाजमा शान्ति सुरक्षा कायम गर्न |
| व्यापारी | थोक तथा किराना सामानहरू उपलब्ध गराएर |

**अब तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

**क. त्यस गाउँमा कस्ता कस्ता पेसा भएका मानिसहरू थिए ?**

उत्तर : किसान, सिकर्मी, शिक्षक, नर्स तथा पसलहरू भएका मानिसहरू थिए ।

**ख. गाउलेहरूले एक अर्काको कामलाई किन तुच्छ ठाने होलान् ?**

उत्तर : आफ्नो पेसालाई अरूको पेसाभन्दा कम महत्त्वपूर्ण हुन्छ भन्ने ठानेर अर्काको कामलाई तुच्छ ठाने होलान् ।

**ग. कुन घटनाले गाउँलेहरूलाई सबै कामको महत्त्व हुन्छ भन्ने महसुस गरायो ?**

उत्तर : गाउँमा ठुलो आँधी आइसकेपछि सबै पेसा भएका मानिसहरूको महत्त्व हुन्छ भन्ने महसुस गरायो ।

**घ. समाजमा घटेको ठुलो विपद्पश्चात् गाउँलेहरूले कसरी एक अर्कालाई सहयोग गरे ?**

उत्तर : किसानले मजदुरहरूलाई खाना उपलब्ध गराए, सिकर्मीले घरहरू मर्मत गरे, शिक्षकले बालबालिकाहरूलाई पुनर्निर्माणमा कसरी मद्दत गर्ने भनेर सिकाए, नर्सले घाइतेहरूलाई उपचार गराए, र पसलले पुनर्निर्माण प्रयासको लागि आवश्यक उपकरण र आपूर्तिहरू उपलब्ध गराए ।

**ङ. यस कथाबाट सिक्नुपर्ने मुख्य कुरा के हो ?**

उत्तर : सबै काम तथा पेसाको महत्त्व उत्तिकै हुन्छ भन्ने हो ।

**च. हामीले किन एक अर्काको पेसालाई सम्मान गर्नपर्छ होला ?**

उत्तर : सबै पेसाहरू आफ्नो ठाउँमा महत्त्वपूर्ण भएकाले एक अर्काको पेसालाई सम्मान गर्नपर्छ ।

**स्वमूल्याङ्कन अभ्यास**

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् ।**

क. सामाजिक सद्भाव कायम राख्न सबै पेसा तथा व्यवसायलाई उचित सम्मान र महत्त्व दिनु आवश्यक छ । √

ख. हाम्रो समाजमा खासगरी डाक्टर, इन्जिनियर जस्ता पेसालाई खास महत्त्व दिनुपर्छ किनकि यी पेसा धारण गरेका व्यक्तिहरू अरूभन्दा विशेष हुन्छन् । ×

ग. किसानले उब्जनी गर्ने तरकारी, डाक्टरले गर्ने स्वास्थ्य सेवा, शिक्षकले दिने शिक्षा सबै एकअर्काका परिपूरक मानिन्छ । √

घ. काम तथा पेसाको आधारमा कुनै पनि व्यक्ति अर्को व्यक्ति भन्दा सानो वा ठुलो मानिनु हुँदैन । √

ङ. पेसागत विविधता कायम हुनु भनेको समाजलाई समाजमा विभेद निम्त्याउने प्रमुख तत्त्व हो । ×

पाठ
२

# आम्दानीको उपयोगिता

के तपाईं वा तपाईंको परिवारले आम्दानीको केही हिस्सा बचत गर्ने गर्नं भएको छ ? अथवा विभिन्न क्षेत्र जस्तै सेयर बजार, घर जग्गा, सुनचाँदी आदिमा लगानी गर्नंभएको छ ? कसैले बैङ्कमा मुद्दती खाता खोली बचत गर्नं भएको छहोला भने कसैले अरूलाई ऋण दिनु भएको छहोला । कसैले कृषिमा लगानी गर्नं भएको छहोला त कसैले व्यापार व्यवसायमा । यसरी हामीले आफ्नो आम्दानीलाई विभिन्न तरिकाले सदुपयोग गर्न सकेमा हामीलाई आउन सक्ने आर्थिक चुनौतीबाट पार पाउन निकै नै सजिलो हुन्छ । भनिन्छ आजको सही लगानीले भोली उचित प्रतिफल दिन्छ, त्यसैले आजदेखि नै आम्दानीको सही उपयोग गर्न उचित योजना बनाउन आवश्यक छ । यास पाठमा हामी हाम्रो आम्दानीलाइ कसरी सही ढङ्गले सदुपयोग गर्न सक्छौं भन्ने कुरामा जानकार हुने छौं । यसका साथै आफ्नो आम्दानीलाई सही ढङ्गले परिचालन गर्दा कसरी सफलता हासिल गर्न सक्छौं भन्ने बुझ्न केही काल्पनिक तथा केही वास्तविक कथा पनि पढ्ने छौं । आउनुहोस पाठ सुरु गरौं है त । सबैभन्दा पहिले तलको कथा अध्ययन गरौं र मनन गरौं

## राजन र उसको गाँउको कथा



सप्तरी जिल्लाको हारुक भन्ने सानो गाउँमा राजन चौधरी नाम गरेका एउटा व्यक्ति थिए जो एकदमै मेहेनती तथा महत्वाकाङ्क्षी थिए । उनी सधैं आफ्नो समुदायमा केही न केही फरक काम गर्न चाहन्थे । उनले जीवनमा केही गर्नुपर्छ भन्ने अटोठ लिएर आफ्नो अध्ययनसँग सगै भइपरि आउने विभिन्न कामहरू गर्दै केही पैसा पनि बचत गर्दै अगाडि बढेका थिए । उनी नयाँ नयाँ काम गर्न मन पराउनुका साथै आफ्नो अध्ययनमा पनि राम्रो समय दिन्थे ।

एक दिन, उनको मनमा एउटा विचार आयो । उनले गाउँमा उत्पादन भएको स्वच्छ, ताजा फलफुल र तरकारी सङ्कलन गरी गाउँ नजिकका सहर तथा राजधानी तर्फ पुऱ्याउने योजना बनाए किनकि उनको गाउँमा प्रसस्त तरकारी उत्पादन हुन्थ्यो र बजारको अभावमा किसानहरूले त्यतिकै बारीमा कुहाउने र गाईबस्तुलाई खुवाउने गरेका थिए । उनले सबैभन्दा पहिले आफ्नो गाउँका किसानहरूलाई भेटेर कसरी ताजा तरकारीहरू प्राप्त गर्न सकिन्छ र यसका चुनौती तथा अवसरहरूका बारेमा बुझ्नथाले । त्यसैगरी उनले आफ्नो योजना आफ्ना साथीहरूलाई पनि सुनाए र सबैबाट उनले राम्रो सम्भावना देखेपछि आवश्यक तयारी गर्न थाले ।

राजनले आफ्नो कम्पनी सुरु गर्न आवश्यक रकम र स्रोतहरू जम्मा गर्न अथक प्रयास गरे । उनले बैङ्कबाट ऋण लिनुका साथै, अनुदानका लागि कृषि कार्यालयमा आवेदन दिए भने आफ्ना केही साथीहरूलाई पनि निश्चित लगानी गर्न मनाए । महिनौँको कडा मिहिनेतपछि, उनले आफ्नो कम्पनी सुरु गरे र गाउँमा उत्पादन भएका तरकारी तथा फलफुलहरू नियमित रूपमा बजारमा लगेर बिक्री गर्न थाले ।



गाउँमा उत्पादन भएका तरकारीहरू सहरमा लगेर बेच्दा किसानहरू एकदम खुसी भए, किनकि उनीहरूको तरकारी राजनको कम्पनीले किनेर बेच्ने गरेका थियो । नियमित रूपमा तरकारी बजारमा जाँदा उनको कम्पनीले राम्रो आम्दानी गर्न थाल्यो र उनले थप सहरहरूमा उत्पादन पुऱ्याउने लक्ष्य राखे । जसले गर्दा उनले आफ्नो गाउँको साथसाथै छिमेकी गाउँका किसानहरूलाई पनि सम्पर्क गर्न थाले र त्यहाँबाट पनि तरकारीहरू किनेर बजार लैजान थाले । यसरी दिनप्रतिदिन उनको कम्पनीको काम पनि बढ्दै गयो र गाउँका हरेक किसानले राम्रो आम्दानी हुन थाल्यो साथसाथै गाउँका युवाहरूले पनि रोजगार प्राप्त गरे ।

हाल उनले तरकारी सँगसँगै दुग्धजन्य पदार्थहरू पनि बजारमा लैजान सुरु गरेका छन् र जसका लागि गाउँका हरेक घरमा भैँसी पाल्न सुरु गरिएको छ । तरकारी तथा दुध व्यवसायले गर्दा गाउँका मानिसहरूको जीवनस्तर वृद्धि भएको छ। राजनको कम्पनी हाल त्यस गाउँको प्रमुख आम्दानीको श्रोत भएको छ। उनी अब थप सम्भावनाका क्षेत्रहरू बारे अध्ययन गर्दै छन् र चाँडै नै नयाँ व्यवसायको थालनी गर्ने योजना बनाएका छन् । उनको कम्पनीका कारणले गर्दा गाउँका अधिकांश युवाले रोजगार प्राप्त गर्नका साथै स्थानीय अर्थतन्त्रलाई बढावा दिन मद्दत गरेको छ ।



राजन अहिले गाउँमा नायकका रूपमा चिनिन थालेका छन् । उनले आफ्नो आम्दानी आफ्नो मात्र नभई सिङ्गो समुदायका हितमा प्रयोग गरेका छन् । उनले कडा परिश्रम र दृढ सङ्कल्पले एक व्यक्तिले संसारमा वास्तविक परिवर्तन ल्याउन सक्छ भन्ने प्रमाणित गरेका छन् ।

**माथिको घटनालाई आधार मानेर तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस ।**

क. राजनले कसरी आफूलाई भविष्यको लागि तयार गर्दै गएका थिए?

उत्तरः ..........................................................................................................

ख. राजनले तरकारी सङ्कलन गरी बजारमा लैजाने योजना किन बनाए ?

उत्तर : ..........................................................................................................

ग. राजनले आफ्नो योजना सफल बनाउन कसरी काम गरे ?

उत्तर : ..........................................................................................................

घ. राजनलाई आफ्ना साथी तथा गाउँका मानिसले कसरी सहयोग गरे ?

उत्तर : ..........................................................................................................

ङ. राजनको कामले समुदायलाई कसरी फाइदा पुगेको छ ?

उत्तर : ..........................................................................................................

च. राजनले आफ्नो काममा कसरी विविधता ल्याएका छन् ?

उत्तर : ..........................................................................................................

छ. राजनको सफलताको कथाबाट हामीले के सिक्न सक्छौँ ?

उत्तर : ..........................................................................................................

**यस कथामा राजनले आफ्नो तरकारी बेचेर आएको आम्दानीलाई कसरी उपयोग गरेका छन् र त्यसले कसरी उनलाई फाइदा पुऱ्याइरहेको छ उल्लेख गर्नुहोस् ।**

..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
...........................

**अब एकजना महिला उद्यमीको वास्तविक कथा सुनौँ है त ।**

## महिला उद्यमीको अचारबाट मिलेको सफलताको कथा

सिन्धुलीको कमलामाई नगरपालिका-४ ढकाल गाउँकी रमिला देवकोटालाई सानो उमेरमा ठुलो जिम्मेबारी आइलाग्यो । श्रीमान्‌को मृत्यु भएपछि दुई छोरीको लालनपालन गर्नेदेखि लेखपढ गराउनु र घर व्यवहार सम्हाल्नु उनको कर्तव्य नै भयो । श्रीमान् बित्दाको पीडा एकातिर थियो, अर्कातर्फ आर्थिक समस्या सुरु भयो । जागिरको खोजी गर्न थालिन् । बल्लतल्ल एउटा सहकारीमा महिनामा ४५ सय कमाइ हुने काम पाइन् ।

४५ सयले घर खर्च चलाउनेकी छोरी पढाउने चुनौती थियो । तैपनि हिम्मत हारिनन् । गर्दै जाँदा ४५ सयबाट ११ हजार पुग्यो, महिनावारी तलब । यसैले जेनतेन घर व्यवहार चल्दै थियो । २०७२ सालमा भूकम्प आयो । घर भत्कायो । बास नै नरहेपछि घर बनाउन थालिन् । यस क्रममा भएकै जागिर पनि छोड्नुपऱ्यो । सुरु भयो बिहान बेलुकाको छाक टार्ने समस्या । त्यसपछि आम्दानीका नयाँ स्रोतहरू खोज्न थालिन् ।

खोजे जस्तो जागिर मिलेन, त्यसपछि १४ कट्ठामा केरा खेती सुरु गरिन् । तयसका साथै व्यावसायिक खुर्सानी र च्याउ ख्यातिलाई अहिले पनि अगाडि बढाइरहेकी छन । यत्ति मात्रै कहाँ हो र, अचार उद्योगमा पनि क्रियाशील छिन् । पछिल्लो समय ढकाल गाउँमा रहेको नमः शिवाय अचार उद्योगबाट नाम दाम दुबै कमाउन सफल भएको उनी बताउँछिन् ।



ढकाल गाउँका सुशीला ढकाल र रमिला देवकोटाको नेतृत्वमा सञ्चालन गरिएको अचार उद्योगमा अरू ३ जना महिलाले समेत रोजगारी पाएका छन् । सुशीला र रमिलासहीत पाँच जना महिला आफ्नो दैनिकीबाट बचेको समय सदुपयोग गर्दै नमः शिवाय अचार उद्योग सञ्चालन मात्र गरिरहेका छैनन्, उनीहरू अन्य महिलाका लागि पनि उदाहरणीय बन्न सफल भएका छन् ।

अचार उद्योगमा ६/७ प्रकारको अचार अर्डर अनुसार बनाइन्छ । काउली, गाँजर, हरियो खुर्सानीको, च्याउ, अकबरे खुर्सानी, मेथीको लेदो, रुख कटर, आँप र लोकल कागतीको अचार बनाउँदै आएको उद्यमी महिलाहरू बताउँछन् । यस उद्योगमा उत्पादित अचार सिन्धुलीसहीत काठमाडौं लगायतका जिल्लामा बिक्री हुने गरेको उनी बताउछिन् ।

कोभिड-१९ का कारण नेपाल सरकारले घोषणा गरेको लकडाउनको समयमा पनि उनको अचार र राम्रै बिक्री भयो । उनी भन्छिन;“हामी ग्राहकहरू अचार लिन उद्योगसम्म धाइरहनु नपरोस् भनेर जिल्लाको बजार-बजार, पसल-पसल, घरघर पुऱ्याउँछौं । हाम्रो उद्योगमा बनेको अचार एक पटक खानेहरू पटक-पटक किन्ने गर्नहुन्छद।”

बिचौलियाबाट बच्न आफ्नो उद्योगबाट उत्पादित अचार उनी आफैं बिक्री गर्छिन् । अचार बनाउन चाहिने केही सामान बजारमा किन्ने गरिएको छ । यस्तै च्याउ, हरियो खुर्सानी मौसम अनुसारको मुला, काउली, आफैं उत्पादन गर्छिन् वा अन्य महिलासँग किन्ने गर्छिन् । आफैंले उत्पादन गरेको सामग्रीले अचार बनाउँदा अरू किन्नुपर्ने सामानको बचत हुने गर्छ ।

अचार बनाउन शारीरिक श्रम धेरै कम पर्ने र घरायसी काममा बाधा पनि नपर्ने उनको अनुभव छ । व्यावसायिक केरा, च्याउ, खुर्सानी खेती र अचार उद्योगबाट राम्रो कमाइ गरिरहेको उनले बताइन्। उनी भन्छिन् ; “घर खर्च चलाउन समस्या छैन, दुई छोरीको पढाइ खर्चसहीत हाम्रो जीविकोपार्जन यही उद्यम/व्यवसायबाट भएको छ।”

उनको अनुभवमा फुर्सदको समयमा मात्र अचार बनाएर बेच्दा पनि आम्दानी राम्रो हुने रहेछ । बाखाबस्तु पालन, घरायसी कामधन्दा सबै भ्याएर बचेको २/३ घण्टा समय अचार उद्योगलाई दिने गरेका छौं, अर्की उद्यमी सुशीला भन्छिन, “घर खर्च टार्न र आफ्ना सामान्य आवश्यकताहरू पुरा गर्न श्रीमान्सँग देउन भनेर माग्नु परे को छैन।”

(साभारः **httpsM÷÷udhyaminepal=com÷entrepreneur÷entrepreneurial–journey ÷**, प्रकासित मितिः २०७८ साउन २२)

**माथिको कथाले हामीलाई सकारात्मक ऊर्जा प्रदान गर्दछ, माथिको कथामा एकजना महिलाले आफ्नो आम्दानीको उपयोग गर्दै कसरी सफलता प्राप्त गरिन् भन्ने कुरा देखाइएकोछ ।**

यस कथामा एकजना महिलाले सङ्घर्ष गर्दै सफलता प्राप्त गरेको कुरा प्रस्तुत गरिएको छ । जहाँ उनले आफ्नो आम्दानीलाई सही ठाउँमा सदुपयोग सफलता प्राप्त गरेकी छन् । यस कथालाई आधार मानेर, कथाको मुख्यपात्रले आफ्नो आम्दानीलाई कुन कुन क्षेत्रमा कसरी उपयोग गरेकी छन् लेख्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................


..........................................................................................................................................

..........................................................................

हाम्रो समाजमा पनि यस्ता धेरै व्यक्तिहरू छन् जसले निकै सङ्घर्ष गरी व्यवसायमा सफलता हासिल गरेका छन् र आफ्नो आम्दानीलाई सही ढङ्गले सदुपयोग गर्दै अन्य व्यवसाय पनि सँगसँगै अगाडि बढाउँदै लगेका छन् । तपाइँको समुदाय वा तपाईंले चिनेको कोही त्यस्ता व्यवसायिक रूपमा सफल व्यक्तिको बारेमा थप खोजी गरी उनले कसरी सफलता हात पारे छोटकरीमा सफलताको कथा लेख्नुहोस् । व्यवसायसम्बन्धी मुख्य मुख्य कुरा मात्र उल्लेख गर्नुहोला ।

..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
.............................

**अब आम्दानीलाई सही ढङ्गले कसरी उपयोग गर्न सकिन्छ भनेर बुझ्न तलको चित्र अध्ययन गरौं ।**



माथिको चित्रमा आम्दानीको सही सदुपयोग गर्न सकिने छ प्रमुख तरिकाहरू दिइएका छन् । यसरी आफूले कमाएको सम्पत्तिको केही हिस्सा बचत गर्ने र केही हिस्सा सही ठाउँमा सदुपयोग गर्नाले भविष्यमा आउन सक्ने आर्थिक कठिनाई तथा चुनौतीहरूसँग सामना गर्न सकिन्छ आजको साना साना बचत तथा लगानीले भविष्यमा आफू र आफ्नो परिवारलाई अगाडि बढाउन सकिन्छ । यसरी लगानी गर्दा अरूको लहलहैमा नलागी राम्ररी बुझेर मात्र गर्नुपर्दछ । आफूलाई जुन चाहिँ क्षेत्रमा राम्रो ज्ञान छ, त्यस क्षेत्रमा लगानी गर्दा बढी सुरक्षित हुन्छ । अर्कातर्फ बैङ्क तथा वित्तीय सँस्थामा बचत गर्ने बानी बसाल्नुपर्छ । सम्भव भएमा परिवारको सदस्यका लागि बिमा गर्ने गर्नुपर्छ जसले गर्दा भोलि आइपर्ने जोखिमबाट पार पाउन सहज हुन्छ । त्यसैगरी घरजग्गा, सेयर बजार जस्ता क्षेत्रमा पनि सुझबुझका साथ लगानी गर्न सकियो भने फाइदा हुन्छ । आआफ्नो आम्दानीको केही हिस्सा आफ्ना बालबालिकाको राम्रो पढाई तथा स्वास्थ्यमा खर्च गर्न सक्यो भने उनीहरूको भविष्य उज्वल हुन्छ । यसरी एउटा निश्चित योजना बनाएर आम्दानीको उपयोग गर्न सकेमा अवश्य पनि आफू र आफ्नो परिवारको भविष्य सुन्दर बनाउन सकिन्छ ।



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईं वा तपाईंको परिवारले आफ्नो आम्दानीलाई सही ढङ्गले सदुपयोग गर्न के कस्ता उपायहरू अपनाउनुभएको छ ? जुन उपायहरू माथि उल्लिखित उपायहरूसँग मेल खाने अथवा त्यो भन्दा फरक पनि हुन सक्छन् । तपाईंको अनुभवको आधारमा तपाईंको परिवारले कसरी आफ्नो आम्दानीलाई उपयोग गर्दै आउनुभएको छ र यस पाठ पढे पछि भविष्यमा आम्दानी उपयोग गर्न के कस्ता उपायहरू अपनाउनुहुन्छ तलको तालिकामा भर्नुहोस् र आफ्नो परिवारका अन्य सदस्यलाई आम्दानीको उपयोगिताको महत्व बुझाउँदै आफूले बनाएको योजना सुनाउनुहोस् ।**

| आम्दानीको उपयोग गर्न हाल सम्म अपनाइएका उपायहरु | आम्दानीको उपयोग गर्न आगामी दिनमा अपनाइने उपायहरु |
| --- | --- |
| | |

**के तपाईंलाई थाहा छ ?**

- विभिन्न अध्ययन अनुसार नेपालमा औसत घरायसी खर्च प्रति महिना करिब २२,००० छ।
- नेपाली घरपरिवारको मुख्य खर्चमा खाना, आवास, यातायात र शिक्षा पर्दछन् ।
- नेपालीहरुले गर्ने खर्च बस्ने स्थान र जीवन स्तरमा निर्भर गर्दछ, सहरी क्षेत्रहरूमा, आवास र यातायातमा सबै भन्दा धेरै खर्च हुन्छ, जबकि ग्रामीण क्षेत्रहरूमा, खानाकुरामा सबैभन्दा धेरै खर्च हुन्छ ।

**सम्झनुपर्ने मुख्य बुँदाहरू**

- हामीले आम्दानी सँगसँगै बचत गर्ने बानी बसाल्नुपर्छ । आफ्नो आम्दानीको केही हिस्सा बचत गर्नाले भविष्यमा आउने कठिनाइबाट छुटकारा पाउन मद्दत गर्छ ।
- हामीले आफ्नो आम्दानीलाई सही ढङ्गले उपयोग गर्न आफूले जानेको क्षेत्रमा बुझेर लगानी गर्दा आफ्नो आम्दानीलाई थप बढाउन सकिन्छ ।
- आफ्नो बालबालिका तथा परिवारका सदस्यहरूको शिक्षा तथा स्वास्थ्यमा उचित ध्यान दिन सकेमा आफ्नो परिवारको भविष्य उज्वल बनाउन सकिन्छ ।
- आजको साना साना लगानीले भोली राम्रो प्रतिफल दिन्छ त्यसैले एउटा निश्चित योजना बनाई आम्दानीको सही उपयोग गर्न सकेमा आफू र आफ्नो परिवारलाई सम्पन्न बनाउन सकिन्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

### तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् ।

क. जीवनमा आइपर्ने आर्थिक कठिनाइबाट बच्न आम्दानी उपयोगको उचित योजना बनाई अगाडि बढ्नुपर्छ । ☐

ख. हामीले आफ्नो आम्दानीलाई खानपान तथा लत्ताकपडा र मनोरन्जनका क्षेत्रमा बढी खर्च गर्न धेरै उपयुक्त हुन्छ । ☐

ग. सानो सानो भए पनि बचत गर्ने बानीले भविष्यको लगानीका अवसर सदुपयोग गर्न सकिन्छ । ☐

घ. नेपालको सहरी क्षेत्रमा आम्दानीको ठुलो हिस्सा आवासमा तथा ग्रामीण क्षेत्रमा खानपानमा बढी खर्च हुन्छ । ☐

## पृष्ठपोषण

**माथिको घटनालाई आधार मानेर तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

**क. राजनले कसरी आफूलाई भविष्यका लागि तयार गर्दै गएका थिए ?**

उत्तर : उनले जीवनमा केही गर्नैपर्छ भन्ने अटोठ लिएर आफ्नो अध्ययन सँगसँगै भइपरि आउने विभिन्न कामहरू गर्दै केही पैसा पनि बचत गर्दै अगाडि बढेका थिए । उनी नयाँ नयाँ काम गर्न मन पराउनुका साथै आफ्नो अध्ययनमा पनि राम्रो समय दिन्थे ।

**ख. राजनले तरकारी सङ्कलन गरी बजारमा लैजाने योजना किन बनाए ?**

उत्तर : किनकि उनको गाउँमा प्रशस्त तरकारी उत्पादन हुन्थ्यो र बजारको अभावमा किसानहरूले त्यतिकै बारीमा कुहाउने र गाईबस्तुलाई खुवाउने गरेका थिए ।

**ग. राजनले आफ्नो योजना सफल बनाउन कसरी काम गरे ?**

उत्तर : उनले गाउलेहरूसँग सरसल्लाह गर्नका साथै आफ्ना साथीहरूसँग छलफल गरेर आवश्यक परामर्श लिए ।

**घ. राजनलाई आफ्ना साथी तथा गाउँका मानिसले कसरी सहयोग गरे ?**

उत्तर : उनका साथीहरूले व्यापार गर्नका लागि केही रकम सहयोग गरे भने गाउँका मानिसले ताजा तरकारी उत्पादन गरेर सहयोग गरे ।

**ङ. राजनको कामले सामुदायलाई कसरी फाइदा पुगेको छ ?**

उत्तर : सामुदायका मानिसहरूले आफूले उत्पादन गरेका तरकारी राजनलाई बेचेर आर्थिक आर्जन गर्न सफल भएका छन् ।

**च. राजनले आफ्नो काममा कसरी विविधता ल्याएका छन् ?**

उत्तर : उनले तरकारी सँगसँगै दुध सङ्कलन पनि सुरु गरेका छन् र दुग्धजन्य पदार्थ पनि बेच्न थालेका छन् ।

**छ. राजनको सफलताको कथाबाट हामीले के सिक्न सक्छौँ ?**

उत्तर : मिहेनत र लगाबसहित आफूले जानेको क्षेत्रमा लाग्यो भने सफलता हासिल हुन्छ भन्ने कुरा सिक्न सकिन्छ ।

**यस कथामा राजनले आफ्नो तरकारी बेचेर आएको आम्दानीलाई कसरी उपयोग गरेका छन् र त्यसले कसरी उनलाई फाइदा पुऱ्याइरहेको छ उल्लेख गर्नुहोस् ।**

उत्तर : उनले तरकारीबाट आएको आम्दानीलाई थप अन्य कार्यमा उपयोग गरेका छन् । उनले आफ्नो कम्पनीमा लगानी बढाएका छन् भने दुध सङ्कलन र दुग्धजन्य उत्पादनमा लगानी गरी थप आम्दानी गरेका छन् ।

**यस कथामा एकजना महिलाले सङ्घर्ष गर्दै सफलता प्राप्त गरेको कुरा प्रस्तुत गरिएको छ । जहाँ उनले आफ्नो आम्दानीलाई सही ठाउँमा सदुपयोग गरेर सफलता प्राप्त गरेकी छन् । यस कथालाई आधार मानेर, कथाको मुख्यपात्रले आफ्नो आम्दानीलाई कुन कुन क्षेत्रमा कसरी उपयोग गरेकी छन् लेख्नुहोस् ।**

उत्तर : उनले आफ्नो आम्दानीलाई घर चलाउन, बालबच्चालाई पढाउन, आफ्नो उद्योगमा थप लगानी गर्न उपयोग गरेकी छन् ।

## स्व-मूल्याङ्कन अभ्यास

तल दिईएका वाक्य ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् ।

क. जीवनमा आइपर्ने आर्थिक कठिनाइबाट बच्न आम्दानी उपयोगको उचित योजना बनाई अगाडि बढ्नुपर्छ । √

ख. हामीले आफ्नो आम्दानीलाई खानपान तथा लत्ताकपडा र मनोरन्जनका क्षेत्रमा बढी खर्च गर्नु धेरै उपयुक्त हुन्छ । ×

ग. सानो सानो भए पनि बचत गर्ने बानीले भविष्यका लगानीका अवसर सदुपयोग गर्न सकिन्छ । √

घ. नेपालको सहरी क्षेत्रमा आम्दानीको ठुलो हिस्सा आवासमा तथा ग्रामीण क्षेत्रमा खानपानमा बढी खर्च हुन्छ । √

पाठ
३

# पारिवारिक पेसा वा व्यवसाय छनोट

के तपाईंले आफूले इच्छाएको वा चाहेको काम गर्न पाउनुभएको छ ? के तपाईंलाई कुनै क्षेत्रमा काम गर्न मन छ तर तपाईं आफ्नो इच्छा विपरीत अन्य काम गर्न परिरहेको छ ? के तपाईंले आफ्नो काम र पारिवारिक जीवनसँग सन्तुलन कायम राख्न सक्नुभएको छ ? के तपाईं आफ्नो कामले आफ्नो व्यक्तित्व विकास तथा आफू र आफ्नो परिवारको आर्थिक विकास हुनुपर्छ भन्ने कुरामा विश्वास गर्नुहुन्छ ? तपाईंले चिनेको व्यक्तिले आफूले मन लागेको काम नगर्दा असफलता प्राप्त गरेको देख्नुभएको छ ? यसरी कुनै पनि पेसा वा व्यवसाय अवलम्बन गर्दा आफूले चाहेको वा आफ्नो क्षमता अनुसार काम गर्न सकेमा मात्र सफलता हात पर्छ । काम वा व्यवसाय गर्ने भन्दैमा आफूले नबुझेको अथवा आफ्नो ज्ञान र क्षमताभन्दा बाहिरको काम वा व्यवसाय गर्दा निश्चय नै कुनै न कुनै कठिनाइ भोग्नुपर्छ । यस पाठमा हामी कुनै पेसा वा व्यवसाय गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ तथा सही पेसा वा व्यवसाय छनोट नगर्दा के कस्ता बेफाइदाहरू हुन्छन् भन्ने बारेमा छलफल गर्ने छौं । सर्वप्रथम मोहम्मद अन्सारीको भोगाईको कथा अध्ययन गरौं:


### पढौं र मनन गरौं

## मोहम्मद अन्सारीको भोगाइ




चितवन जिल्लाको भरतपुर महानगरपालिका स्थित वडा नं २२ मा पटिहानी नाम गरेको ठुलो बस्ती छ जहाँ मोहम्मद अन्सारी नाम गरेका युवक आफ्नो दुई भाइ र बाबु आमासँगै बस्दछन् । उनी एकदम कडा परिश्रमी थिए र जीवनमा सधैं सफल हुने सपना देख्थे । उनले आफ्नो वडामै भएको क्याम्पसबाट व्यवस्थापन विषयमा स्नातक सम्मको पढाइ पूरा गरे र अब आफ्नो करियरलाई अगाडि बढाउने निधो गरी काम गर्ने उद्देश्य राखेर पत्र पत्रिकाहरूमा विज्ञापन हेर्न सुरु गरे ।

एक दिन, उनले स्थानीय पत्रिकामा एउटा कल सेन्टर कम्पनीमा विभिन्न कामदारहरू चाहिएको सूचना देखे र आफूले उक्त कल सेन्टरमा काम गर्न आवदेन दिए । उनले आवेदन दिएको १५ दिनपछि उनलाई त्यस सेन्टरबाट जागिरको लागि अफर आयो र उनी उक्त कल सेन्टरमा काम गर्न थाले । कल सेन्टरमा जागिर पाएपछि उनी निकै खुसी भए र आफ्ना परिवार तथा साथीहरूलाई आफ्नो करियर अब अगाडि बढ्ने भयो भनेर खुसी साटासाट गरे ।



सुरु सुरुमा उनलाई काम गर्न रमाईलो लाग्थ्यो तर जब दिन बित्दै गए उनको आफ्नो कामप्रति लगाब कम हुन थाल्यो । उनले त्यस कल सेन्टरमा आठ घण्टा भन्दा बढी ग्राहकसँग फोनमा कुरा गर्नं पर्थ्यो । उनी क्याम्पस पढ्दा वित्तीय व्यवस्थापन भन्ने विषय खुब मन पराउँथे तर फोनमा घन्टौं कुरा गर्ने कुरा उनलाई कत्ति पनि चित्त बुझेको थिएन । विस्तारै उनलाई आफ्नो कामप्रति घृणा सुरु भयो र उनले कामलाई तनाबका रूपमा लिन थाले । दिन प्रतिदिन काममा मन नहुँदा उनले चित्तबुझ्दो काम गर्न सकेनन् र आफैँमा असहज महसुस गर्न थाले ।

एक दिन, उनले युटुबमा प्रेरक भिडियो हेर्ने क्रममा एकजना चर्चित व्यक्तिले आफ्नो व्यवसाय सुरु गर्नँअघि वा कुनै पनि जागिर छनोट गर्नँअघि आफ्नो इच्छा र सिपहरू विचार गर्नँपर्छ भन्ने कुरा सुने । त्यस भिडियोमा उनले आफ्नो रुचि र सिपसँग मिल्दोजुल्दो काम वा व्यवसाय छनोट गर्नं महत्त्वपूर्ण हुन्छ किनकि यसले व्यक्तिलाई आनन्द र सफलता दुबै दिन्छ भन्ने कुरा सुने ।

युट्युबको भिडियो हेरेपछि उनी निकै प्रभावित भए । कल सेन्टरमा जागिर खाएर गलत गरे को छु भन्ने उनलाई लाग्यो । त्यसपछि उनले उक्त जागिर तत्काल छोडे । एउटा वित्तीय कम्पनीमा कनिष्ठ (जुनियर)सहायकको नोकरीमा आवदेन दिए । पोस्ट सानै भए पनि यसमा आफूले चाहेको गर्न पाउँछु भन्ने उनलाई लाग्यो । नभन्दै उनी सजिलै छनोट भए र छोटो समयमा नै उनले ठुलो प्रगति हासिल गरे । उक्त संस्थामा आबद्ध भएको २ वर्षमा नै उनि कनिष्ठ सहायकबाट वरिष्ठ अधिकृत भए । उनले हाल आफ्नो योजना तथा दक्षताबाट आफू र आफूले काम गरेको सँस्थालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेलेका छन ।



अहिले उनले अरूलाई पनि आफूले जस्तो रुचिको जागिर वा व्यवसाय गऱ्यो भने सफलता हासिल हुन्छ भनेर सुझाव दिन थालेका छन् । यसबाट हामीले पनि बुझ्नुपर्छ कि आफ्नो पेसा तथा व्यवसाय छनोट गर्दा आफ्नो रुचि र क्षमता अनुसार गर्नुपर्छ जसबाट हामीले सफलता हासिल गर्न सक्छौँ ।

**अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

क. मोहम्मद अन्सारीको स्वभाव कस्तो थियो ?
उत्तर :

ख. उनले कल सेन्टरमा किन जागिर खाए ?
उत्तर :

ग.के उनी कल सेन्टरको जागिर देखि सन्तुष्ट थिए ? किन?
उत्तर :

घ. उनलाई कल सेन्टरको जागिर छोड्न के ले अभिप्रेरित गऱ्यो ?
उत्तर :

ङ. कल सेन्टर जागिरपश्चात् उनले कसरी सफलता प्राप्त गरे ?
उत्तर :

च. यस कथाले दिन खोजेको मुख्य सन्देश के होला ?
उत्तर :

छ. के तपाईं मोहन अन्सारी हुनु भएको भए कल सेन्टर जागिर छोड्नुहुन्थ्यो ?
उत्तर :

**माथिको कथामा आफूले खोजेको र चाहेको काम वा व्यवसाय गर्दा कसरी काममा सफलता प्राप्त गर्न सकिन्छ भन्ने कुरा देखाउन खोजिएको छ । हाम्रो समुदायमा पनि जुन व्यक्तिले आफ्नो इच्छा र क्षमताअनुसार काम गरेका छन् ती व्यक्तिहरू नै सफलताको सिँढी चढ्न सफल भएका छन ।**



## खोज क्रियाकलाप

**प्रत्यक्ष भेटघाटको माध्यम अथवा सामाजिक सञ्जाल, युट्युब, पत्रपत्रिका वा अन्य कुनै माध्यममा दिइएका कुनै व्यक्तिको सफलता प्राप्तिका कथाहरू पहिचान गर्नुहोस् । ती व्यक्तिले हाल अँगालेको काम वा व्यवसायभन्दा पहिला के कस्ता काम वा व्यवसाय गर्दथे र उनीहरू हाल इच्छाएको पेसा वा व्यवसायमा लाग्न के कुराले अभिप्रित गऱ्यो थाहा पाउनुहोस् र छोटकरीमा उल्लेख गर्नुहोस् र साथिलाई सुनाउनुहोस् ।**

**हालको पेसा वा व्यवसाय अँगाल्नुभन्दा अगाडिको अवस्था**

**हालको पेसा वा व्यवसायको अवस्था**

माथि अध्ययन गरिएको कथा र तपाईंले गर्नुभएको खोजमूलक कार्यबाट एक व्यक्तिले आफूले चाहेको वा इच्छाएको पेसा वा व्यवसाय गर्दा कसरी सफलता प्राप्त हुन्छ भन्ने कुरा थाहा पायौँ । अब हामी कुनै पनि पेसा वा व्यवसाय चयन गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् जान्ने कोसिस गरौँ है त ।

**तलको तालिकामा दाँयातर्फ पेसा वा व्यवसाय छनोटका केही मुख्य आधारहरू र बायाँतर्फ त्यसको कारण दिइएको छ । यसलाई राम्ररी अध्ययन गरौँ र बुझ्ने कोसिस गरौँ ।**

| पेशा वा ब्यबसाय छनोटका मुख्य आधारहरु | कारण |
|---|---|
| आफ्नो रुचि वा इच्छा अनुसारको पेसा वा व्यवसाय गर्ने | व्यक्तिको रुचिसँग मिल्दोजुल्दो काम वा व्यवसाय छनोट गर्दा आफूले गरेको कामको आनन्द लिन र आफ्नो काममा पूर्णता भएको महसुस गर्न मद्दत गर्छ । |
| सिप वा क्षमता अनुसारको काम गन | एक व्यक्तिले आफ्नो सिप र क्षमताको उपयोग गर्ने जागिर वा व्यवसाय गर्दा आफ्नो पेसा वा व्यवस(ायमा राम्रो प्रदर्शन गर्न र त्यसबाट थप लाभ बढाउन मद्दत गर्दछ । |
| आफ्नो व्यक्तित्व वा चरित्र अनुसारको पेसा वा व्य(वसाय छनोट गर्ने | आफ्नो व्यक्तित्व वा चरित्र अनुसार पेसा वा व्यवसाय गर्दा थप प्रभावकारी हुन सक्छ । उदाहरणका लागि, घुम्न र बोल्न मन पराउने व्यक्ति विक्री वा मार्केटिङ भूमिकाका लागि उपयुक्त हुन सक्छ जब कि पैसा तथा खर्चलाई राम्ररी मिलाउन सक्ने व्यक्तिले वित्त वा प्रशासनिक भूमिकामा राम्रो गर्न सक्छ । |
| काम र जीवन सँग सन्तुलन मिलाउन सक्ने पेसा वा व्यवसाय छनोट | काम र जीवन सँग सन्तुलन मिलाउन सक्ने पेसा वा व्यवसाय छनोट गर्दा आफ्नो व्यक्तिगत र व्यावसायिक जीवनलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सहज हुन्छ । |
| आफ्नो क्षमताअनुसार सही आयआर्जन वा पारिश्रमिक भएको पेसा वा व्यवसाय छनोट | एक व्यक्तिले जागिर वा व्यवसाय छनौट गर्दा आफ्नो आर्थिक आवश्यकताहरू विचार गर्नपर्छ, आफ्नो जीवनशैली र भविष्यका लक्ष्यहरूलाई समर्थन गर्न पर्याप्त तलब दिने वा आर्थिक लाभ हुने काम वा व्यवसाय छनौट गर्नपर्छ । |
| व्यक्तित्व विकासका अवसरहरू प्रदान गर्न सक्ने पेसा तथा व्यवसाय छनोट | जुन कामले वा व्यवसायले व्यक्तित्व विकास र उन्नतिका लागि अवसरहरू प्रदान गर्दछ, आफ्नो जी(वनमा थप प्रगति गर्न र उनीहरूको व्यावसायिक लक्ष्यहरूमा पुग्न मद्दत गर्दछ, त्यस्ता काम वा व्यवसाय छनोट गर्न उपयुक्त हुन्छ । |
| सुमधुर काम गर्ने संस्कृति भएको सँस्था वा कम्पनी छनोट | आफ्नो मूल्य र विश्वाससँग प्रतिबद्ध भएको, सहयोगी र उचित काम गर्ने वातावरण भएको संस्था वा कम्पनी छनोट गर्नाले आफ्नो काममा खुसी र पूर्णता महसुस गर्न मद्दत गर्दछ । |

**माथि उल्लिखित आधारहरू मध्ये व्यक्तिहरू अनुसार फरक फरक छनोट गर्ने आधार हुन सक्छन्। आफ्नो कामको प्रकृति, पढाई, भोगाई, अनुभवको आधारमा व्यक्तिअनुसार पेसा वा व्यवसाय अवलम्बन गर्ने आधार फरक फरक हुनसक्छ। माथि उल्लिखित आधारहरूलाई आत्मसात् गरी सही निर्णय गर्न सकेमा आफूले छानेको पेसा वा व्यवसायमा सफलता हासिल हुन्छ।**

**कोष्ठकबाट शब्दहरू छनोट गरी तल दिइएको खाली ठाउँमा भर्नुहोस्।**

| | | | |
|---|---|---|---|
| क्षमता | व्यक्तित्व | | व्यक्तित्व विकास |
| आर्थिक | जीवन | संस्कृति | रुची |

क. व्यक्तिको........................अनुसार पेसा छनोट गर्दा आफूले गरेको कामको आनन्द लिन र आफ्नो काममा पूर्णता भएको महसुस गर्न मद्दत गर्छ।

ख. व्यक्तिले आफ्नो ............................उपयोग गर्ने पेसा गर्दा त्यसबाट बढी लाभ प्राप्त गर्न सक्दछ।

ग. व्यक्तिले आफ्नो ............................... अनुसार पेसा गर्दा थप प्रभावकारी हुन सक्छ।

घ. काम र ..................... सँग सन्तुलन मिलाउन सक्ने पेसाले आफ्नो जीवनलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिन्छ।

ङ. एक व्यक्तिले जागिर वा व्यवसाय छनोट गर्दा आफ्नो .....................आवश्यकताहरू विचार गर्नपर्छ।

च. जुन पेसाले ........................... अवसरहरू प्रदान गर्दछ, आफ्नो जीवनमा थप प्रगति गर्न त्यस्ता पेसा छनोट गर्नं उपयुक्त हुन्छ।

छ. उचित काम गर्ने ..........................भएको संस्था छनोटले काममा खुसी र पूर्णता महसुस गर्न मद्दत गर्दछ।

**माथिको तालिकामा उल्लेख गरिएका पेसा तथा व्यवसाय संग सम्बन्धित आधारहरू मध्ये तपाईंको विचारमा वा तपाईंको जीवनमा सबै भन्दा महत्त्वपूर्ण आधार कुन हो ? कारण सहीत लेख्नुहोस्।**

..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
..........................................................................................................................................
......................

## परियोजना कार्य

**तपाईंको समुदायमा कुनै पेसा वा व्यवसाय भएका कुनै पाँच जना मानिसहरूलाई प्रत्यक्ष रूपमा भेट्नुहोस् र उनीहरूले आफ्नो पेसा वा व्यवसाय छनोट कुन आधारमा गरेका छन् कारणसहित सोध्नुहोस् । माथि तालिकामा दिइएका आधारहरू अथवा त्यसभन्दा फरक आधार छ भने पहिचान गर्नुहोस् र छोटकरीमा उल्लेख गर्नुहोस् ।**

१. पहिलो व्यक्तिसँग सम्बन्धित आधार :

२. दोस्रो व्यक्तिसँग सम्बन्धित आधार :


३. तेस्रो व्यक्तिसँग सम्बन्धित आधार :

४. चौँथो व्यक्तिसँग सम्बन्धित आधार:

५. पाँचौँ व्यक्तिसँग सम्बन्धित आधार:

**के तपाईंलाई थाहा छ ?**

**आफ्ना लागि सही पेसा वा व्यवसाय छनोट गर्न नसकेमा हुने बेफाइदाहरू**



**पेसा वा व्यवसाय छनोटमा संलग्न सबै आधारहरूलाई ध्यानपूर्वक विचार गर्नँ र सोहीअनुसार आफ्नो जीवनलाई अगाडि बढाई उचित निर्णय लिनु महत्वपूर्ण हुन्छ ।**

**सम्झनुपर्ने मुख्य बुँदाहरू**

- आफूले इच्छाएको वा खोजेको पेसा वा व्यवसाय अवलम्बन गर्नाले हामीलाई अगाडि बढ्न प्रेरणा मिल्दछ ।
- आफ्नो सिप तथा दक्षता र व्यक्तित्वअनुसार आफ्नो पेसा छनोट गर्नँ उपयुक्त हुन्छ ।
- पेसा छनोट गर्दा आफ्नो काम र जीवनसँग सन्तुलन राख्न सक्ने तथा आफ्नो व्यक्तित्व विकासमा थप सहयोग हुने कुरामा विशेष ख्याल राख्नुपर्छ ।
- आफूले चाहेको वा आफ्नो इच्छाअनुसार पेसा अवलम्बन गर्दा काममा निराशा हुने, मानसिक तनाब तथा चिन्ताजस्ता समस्यासँग जुध्नुपर्छ ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् ।**

क. पेसा तथा व्यवसाय छनोट गर्नँको मुख्य आधार भनेको आफूले इच्छाएको वा गर्न खोजेको काम गर्नु हो । ☐

ख. आफ्नो पेसा वा व्यवसायबाट व्यक्तित्व विकास हुनुपर्छ भन्ने धारणाले खासै असर गर्दैन । ☐

ग. आफूले चाहेको क्षेत्रमा काम नगर्दा काममा मन नलाग्ने तथा ठिक परिणाम दिन नसक्ने सम्भावना रहन्छ । ☐

घ. हामीले काममा मात्र बढी चिन्तन राख्दा र समय बिताउँदा आफ्नो दैनिक जीवनसँग सन्तुलन राख्न आवश्यक हुँदैन । ☐

ङ. सही पेसा वा व्यवसाय छनोट नगर्दा हुने एक बेफाइदा कामप्रतिको असुन्तुष्टि हो । ☐

## पृष्ठपोषण

**अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

**क. मोहम्मद अन्सारीको स्वभाव कस्तो थियो ?**

उत्तर : उनी परिश्रमी र सकारात्मक सोच राख्ने स्वभावका थिए ।

**ख. उनले कल सेन्टरमा किन जागिर खाए ?**

उत्तर : उनले आफ्नो अध्ययनपछि केही न केही काम गर्नँ थियो त्यसैले कल सेन्टरमा जागिर खाए ।

**ग. के उनी कल सेन्टरको जागिरदेखि सन्तुष्ट थिए ? किन ?**

उत्तर : उनी कल सेन्टरको जागिर देखि सन्तुष्ट थिएनन् किन भने मानिसहरूसँग फोनमा कुरागर्नँ उनको रुचिको विषय थिएन ।

**घ. उनलाई कल सेन्टरको जागिर छोड्न के ले अभिप्रेरित गऱ्यो ?**

उत्तर : उनको आफ्नो इच्छा र रुचि एउटा तर काम अर्को भएकाले उनलाई आफ्नो काम प्रति लगाब भएन र उनलाई जागिर छोड्न अभिप्रेरित गऱ्यो ।

**ङ. कल सेन्टरको जागिरपश्चात् उनले कसरी सफलता प्राप्त गरे ?**

उत्तर : उनले आफ्नो रुचि अनुसारको काम गर्न थाले जसले गर्दा उनले सफलता हासिल गरे ।

**च. यस कथाले दिन खोजेको मुख्य सन्देश के होला?**

उत्तर : यस कथाले हामीलाई आफ्नो रुचि तथा इच्छाअनुसारको काम गर्नुपर्छ तब हामीलाई काम प्रति लगाब पनि हुन्छ र सफलता पनि मिल्छ भन्ने सन्देश दिन्छ ।

**छ. के तपाईं मोहन अन्सारी हुनु भएको भए कल सेन्टरको जागिर छोड्नुहुन्थ्यो ?**

उत्तर : म यदि मोहन अन्सारी भएको भे कल सेन्टरको जागिर छोड्थें र आफ्नो क्षमताअनुसारको काम गर्थें ।

**तलको खाली ठाउँमा कोष्ठकमा दिइएका शब्दहरू छनोट गरी भर्नुहोस् ।**

क. व्यक्तिको रुचिअनुसार पेसा छनोट गर्दा आफूले गरेको कामको आनन्द लिन र आफ्नो काममा पूर्णता भएको महसुस गर्न मद्दत गर्छ ।

ख. व्यक्तिले आफ्नो क्षमता उपयोग गर्ने पेसा गर्दा त्यसबाट बढी  लाभ प्राप्त गर्न सक्दछ ।

ग. व्यक्तिले आफ्नो व्यक्तित्वअनुसार पेसा गर्दा थप प्रभावकारी हुन सक्छ ।

घ. काम र जीवनसँग सन्तुलन मिलाउन सक्ने पेसाले आफ्नो जीवनलाई प्रभावकारी रूपमा अगाडि बढाउन सकिन्छ ।

ङ. एक व्यक्तिले जागिर वा व्यवसाय छनोट गर्दा आफ्नो आर्थिकआवश्यकताहरू विचार गर्नँपर्छ ।

च. जुन पेसाले व्यक्तित्व विकास अवसरहरू प्रदान गर्दछ, आफ्नो जीवनमा थप प्रगति गर्न त्यस्ता पेसा छनोट गर्नु उपयुक्त हुन्छ ।

छ. उचित काम गर्ने संस्कृतिभएको संस्था छनोटले काममा खुसी र पूर्णता महसुस गर्न मद्दत गर्दछ ।

**स्वमुल्यांकन अभ्यास**

**तल दिईएका बाक्य ठिक भए (√) र बेठिक भए (×) चिन्ह दिनुहोस।**

क. पेशा तथा ब्यबसाय छनोट गर्नको मुख्य आधार भनेको आफुले इच्छाएको वा गर्न खोजेको काम गर्नँ हो।√

ख. आफ्नो पेशा वा ब्यबसायबाट व्यक्तित्व विकास हुनुपर्छ भन्ने धारणाले खासै असर गर्दैन। ×

ग. आफुले चाहेको क्षेत्रमा काम नगर्दा काममा मन नलाग्ने तथा ठिक परिणाम दिन नसक्ने सम्भावना रहन्छ। √

घ. हामीले काममा मात्र बढी चिन्तन राख्दा र समय बिताउदा आफ्नो दैनिक जीवनसंग सन्तुलन राख्न आवश्यक हुदैन। ×

ङ. सहि पेशा वा ब्यबसाय छनोट नगर्दा हुने एक बेफाईदा कामप्रतिको असन्तुष्टि हो। √

पाठ
४

# पेसा व्यवसायमा सिप तथा प्रविधिको प्रयोग

के तपाईंले सामान किन्न जाँदा क्युआर कोड प्रयोग गर्नुभएको छ ? के तपाईंले खल्ती, इसेवा, फोन पे जस्ता अनलाइन पेमेन्ट गर्ने एपहरूको प्रयोग गर्नुभएको छ वा यसबारे तपाईंले सुन्नुभएको छ ? कुनै कार्य वा व्यापार गर्दा ध्यान दिनुपर्ने कुराहरू के-के हुन् तपाईंलाई थाहा छ ? के तपाईंले विभिन्न व्यवसायमा नयाँ नयाँ प्रविधिको प्रयोग भएको देख्नुभएको छ ? जुनसुकै काम तथा व्यवसायलाई थप मजबुत बनाउन प्रविधिको प्रयोग हुन तथा विभिन्न प्रकारका दक्षता तथा सिपहरूको आवश्यकता पर्दछ । ती प्रविधि तथा सिपहरूको सही प्रयोगले मात्र हामीले हाम्रो काम तथा व्यवसायमा सफलता हासिल गर्न सक्छौँ । यस पाठमा हाम्रो पेसा तथा व्यवसायलाई थप मजबुत बनाउन तथा सफलता प्राप्त गर्न के कस्ता सिप तथा प्रविधिहरू अपनाउनुपर्छ भन्ने बारेमा चर्चा गर्नेछौँ । साथै आफूले अपनाएको वा अपनाउन चाहेको पेसा वा व्यवसायका लागि के कस्ता सिप तथा प्रविधि आवश्यक पर्दछ भन्ने बारे खोजी गर्ने छौँ । आउनुहोस् पाठ सुरु गरौँ है त ।

**सर्वप्रथम विभिन्न सिपहरूको महत्त्व समेटिएको एउटा कविताबाट पाठ सुरु गरौँ ।**

## पढौँ र जानौँ

हाम्रो पेसाका लागि आवश्यक सिपहरू बुझौँ है
सिपहरू बुझेर जीवनमा लागु गरौँ है
प्रतिभा र समर्पणको हुनुपर्छ मिश्रण
ल्याउँछ त्यसले पेसामा दिगोपन

प्राविधिक ज्ञान र सिपको समायोजन
समयसँगै आफूलाई परिवर्तन
बदलिँदो विश्व छिनछिन
निरन्तर सिकाई हरेकदिन

कुशल सञ्चार प्रमुख धन,
सहकार्य गर्दै जित्नुपर्छ मन
सुन्ने र बोल्नेसँगै अघि बढ्छ
कुरा बुझ्न यसले मद्दत गर्छ

उचित सङ्गठन र समय व्यवस्थापन,
सही बाटो र कामको व्यवस्थापन
कार्यमा गरिने प्राथमिकता निर्धारण
दक्षता र उत्पादकता सिर्जनाका कारण

नेतृत्व र टोलीकार्य सँगै अघि बढ्छ
अरूलाई प्रेरित गर्दै, अडान लिन मद्दत गर्छ
सहयोगी भावना अनि आपसी सम्मान
आदर अनि सफलताको पहिचान

सफलताका लागि धेरै सिप हुनुपर्छ
प्राप्तिका लागि निरन्तर लाग्नुपर्छ
कडा परिश्रम, लगाब र मिहेनत सधै हुनुपर्छ
धैर्य, इमान्दारिता र सकरात्मक सोच राखी अघि बढ्नुपर्छ

**माथिको कविता पढिसकेपछि तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क. पेसामा दिगोपन ल्याउन के गर्नँपर्छ ?
उत्तर :

ख. समयसँगै आफूलाई परीवर्तन गर्न के गर्नँपर्छ ?
उत्तर :

ग. अरूको कुरा सहज रूपमा बुझ्न मद्दत गर्ने दुई चिजहरू के के हुन् ?
उत्तर :

घ. दक्षता कसरी सिर्जना हुन्छ ?
उत्तर :

ङ. नेतृत्व तथा टोलिकार्य हुनुको फाइदा के हो ?
उत्तर :

च. हामी कस्तो सोच राखेर अगाडि बढ्नुपर्छ ?
उत्तर :

**माथिको कविता फेरि एकपटक पढ्नुहोस् र तलको खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

| सन्तुलितभोजनसम्मान, लगाब   सिकाइ, टोलीकार्य, सहयोगी, सहकार्य, समय, |
|---|


क. बदलिदो विश्व सँगै अघि बढ्न निरन्तर ........................जरुरी हुन्छ ।
ख. हामीले अरू व्यक्तिसँग ....................गर्दै मन जित्नुपर्छ ।
ग. सही ...........................व्यवस्थापनले आफ्नो कार्यहरूको प्राथमिकता निर्धारण गर्न सहज हुन्छ ।
घ. नेतृत्व र ..............................सँगसँगै अघि लैजानुपर्नेहुन्छ ।
ङ. हामीमा अरूप्रति .........................भावना र आपसी .................हुनुपर्छ ।
च. निरन्तर कडा परिश्रम, ................ र मिहेनत सफलताका आधार हुन् ।

**तपाईँ पनि कुनै पेसा वा व्यवसायमा आबद्ध हुनुहुन्छ होला वा कुनै पेसा वा व्यवसायमा आबद्ध हुने सोच बनाउनुभएको छ भने माथि उल्लिखित कुन कुन आधारहरूलाई तपाईँले आत्मसात् गर्नुहुन्छ र किन ?**


.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
....................................................................................

**माथिको कवितामा हामीले आफ्नो पेसा वा व्यवसायमा सफलता प्राप्तिका केही आधारहरू जान्ने मौका पायौँ । हरेक व्यक्तिमा हुने यस्ता सिपहरूले हामीलाई सफलता प्राप्त गर्न मद्दत गर्दछन् । व्यक्ति, परिस्थिति, व्यवसाय तथा पेसाको प्रकार तथा मानिसको व्यक्तित्व अनुसार पेसा तथा व्यवसायमा सफलताका लागि आवश्यक सिपहरू फरक फरक हुन् सक्छन् यद्यपि हामीमा केही यस्ता सिपहरू हुनुपर्छ जसले हरेक पेसा वा व्यवसाय छनोट गर्दा र त्यसको सफलता प्राप्तिका लागि आवश्यक पर्दछ । तल हामी केही यस्ता महत्त्वपूर्ण सिपहरूका बारे छोटकरीमा चर्चा गर्नेछौँ ।**


**सञ्चार सिपहरू :** प्रभावकारी रूपमा अरूसँग कुराकानी गर्न सक्षम हुनु पेसा वा व्यवसाय सुरु गर्न महत्त्वपूर्ण छ किनकि यसले सम्भावित ग्राहकहरू, कर्मचारीहरू, र अन्य साझेदारहरूसँग सुमधुर सम्बन्ध कायम राख्न मद्दत गर्दछ ।




**विश्लेषणात्मक सिपहरू :** तथ्याङ्क, बजार प्रवृत्ति, र वित्तीय अनुमानहरू विश्लेषण गर्न सक्षम हुनु काम छनोट गर्न र व्यवसाय सुरु गर्न दुबैमा महत्त्वपूर्ण छ किनकि यसले सही निर्णयहरू गर्न मद्दत गर्दछ ।



**समस्या समाधान गर्ने सिपहरू :** समस्याहरू पहिचान गर्न र समाधान गर्न सक्षम हुनु काम छनौट गर्न र व्यवसाय सुरु गर्न दुबैमा आवश्यक छ किनकि यसले चुनौती को सामना गर्न सक्षम बनाउँछ ।



**अनुकूलनशीलता सिप :** परिवर्तन तथा समयसँग अनुकूलन गर्ने क्षमता पेसा छनोट गर्न र व्यवसाय सुरु गर्न दुबैमा महत्त्वपूर्ण छ किनकि यसले जुनसुकै बेलामा आइपर्ने अप्ठ्यारा परिस्थितिसँग जुध्न तयार बनाउँछ ।




**समय व्यवस्थापन सिपहरू :** समयलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न सक्षम हुनु पेसा छनोट गर्न र व्यवसाय सुरु गर्न दुबैमा महत्त्वपूर्ण छ, किनकि यसले आफूले गर्नुपर्ने कामहरूलाई प्राथमिकता दिन र समयसीमा पूरा गर्न सक्षम बनाउँछ ।




**नेतृत्व सिपहरू :** अरूलाई नेतृत्व गर्न र उत्प्रेरित गर्न सक्षम हुनु महत्त्वपूर्ण छ । यसले टोलीहरू व्यवस्थापन गर्न र अरूलाई साझा लक्ष्यतर्फ मार्गदर्शन गर्दछ ।




**सम्बन्ध विस्तार सिपहरू :** व्यावसायिक सम्बन्धहरू निर्माण र कायम राख्नाले सम्भावित कर्मचारीहरू, ग्राहकहरू र साझेदारहरूसँग हर समय जोड्न मद्दत गर्दछ ।



**वित्तीय व्यवस्थापन सिपहरू :** वित्तीय व्यवस्थापन तथा आर्थिक योजना निर्माण गर्न सक्षम भएमा यसले आफ्नो पेसा तथा व्यवसायमा थप आर्थिक रूपमा सफल हुन तथा भविष्यमा हुने आर्थिक कठिनाइको सामना गर्न सहज हुन्छ ।



**रचनात्मकता :** कुनै पनि पेसा तथा व्यवसाय गर्दा नयाँ तथा सृजनशील विचारहरू ल्याउन सक्षम हुनु महत्त्वपूर्ण छ यसले नयाँ उत्पादनहरू, सेवाहरू, वा रणनीतिहरू विकास गर्न मद्दत गर्दछ ।



माथि हामीले पेसा तथा व्यवसायका निमित्त अपनाउनु पर्ने केही महत्त्वपूर्ण सिपहरूको ज्ञान हासिल गर्‍यौं ।

**१. तल बायाँ भागमा पेसा तथा व्यवसाय सम्बन्धी सिपहरू तथा दायाँ भागमा सिप सम्बन्धी केही उदाहरण दिइएका छन् । ती उदाहरण कुन सिप सँग मिल्छन् जोडा मिलाउनुहोस् र आफ्नो उत्तर जाँच गर्न पेज नं ....................गएर हेर्नुहोस् ।**

| **सिपहरू** | | **उदाहरण** |
|---|---|---|
| क. सञ्चार | (.....) | पैसालाई सही ढङ्गले परिचालन गर्ने |
| ख. रचनात्मक | (.....) | नयाँ परिस्थितिअनुसार आफूलाई ढाल्ने |
| ग. समस्या समाधन | (.....) | हरेक कामलाई समय सीमामा गर्ने |
| घ. वित्तीय व्यवस्थापन | (.....) | नयाँनयाँ सोचलाई अघि बढाउने |
| ङ. सम्बन्ध विस्तार | (.....) | हरेक व्यक्तिसँग सही तरिकाले कुरा गर्ने |
| च. नेतृत्व | (.....) | जुनसुकै कठिनाईलाई सामना गर्न तयार हुने |
| छ. अनुकुलनशीलाता | (.....) | टोलीलाई सही तरिकाले परिचालन गर्ने |
| ज. समय व्यवस्थापन | (.....) | आफ्नो पेसासँग सम्बन्धित व्यक्तिको सम्पर्कमा रहने |

**माथि उल्लिखित सिपहरू मध्ये तपाईंको विचारमा तपाईंले हाल अपनाइरहनुभएको पेसा वा व्यवसाय अथवा भविष्यमा अपनाउने पेसा वा व्यवसायका निमित्त सबैभन्दा महत्त्वपूर्ण तीन सिपहरू के के हुन् कारणसहित उल्लेख गर्नुहोस् ।**

**पहिलो सिप :**

| |
|---|
| |

**दोस्रो सिप :**



| |
|---|
| |

**तेस्रो सिप :**

| |
|---|
| |

अब पेसा तथा व्यवसायमा सूचना तथा प्रविधिको प्रयोगको महत्त्वहरू बारे चर्चा गरौँ ।


तलको तालिकामा सूचना प्रविधिसँग सम्बन्धित केही तस्विर दिइएका छन् । ती तस्विर केसँग सम्बन्धित छन् र कुन प्रयोजनका लागि प्रयोग गरिन्छ तालिकाको दायाँ भागमा उल्लेख गर्नुहोस् । यस अभ्यास गर्नका लागि अन्य व्यक्तिको सहयोग पनि लिन सक्नुहुन्छ । सजिलोका लागि एउटा उदाहरण दिइएको छ ।

| | |
|---|---|
|  | यो फोन पे हो जसलाई कुनै पनि सामान खरिद गर्दा पैसा तिर्नका लागि प्रयोग गर्न सकिन्छ, यसको प्रयोगले सिधै इस्क्यान गरेर पैसा तिर्न सकिने हुँदा गोजीमा पैसा बोक्नुपर्दैन । |
|  | |
|  | |
| pathao | |
|  | |
|  | |

यी माथि दिइएका तस्विरहरू आफ्नो व्यापारमा नँयापन दिन तथा आफ्नो व्यापार बढाउन प्रयोग गर्न सकिने केही उदाहरण मात्र हुन् ।

तपाईंले गर्नुभएको वा गर्न चाहनु भएको पेसा वा व्यवसायलाई थप मजबुत तथा व्यवस्थित गर्न के कस्ता प्रविधिहरू आवस्यक पर्छन् होला र किन ? छोटकरीमा उल्लेख गर्नुहोस् ।

हामीले आफ्नो पेसा तथा व्यवसायलाई थप मजबुत बनाउन र सहज बनाउन विभिन्न प्रविधिहरूको प्रयोग गर्न सक्छौं । यसरी प्रविधिहरूको सही प्रयोग गर्दा विभिन्न फाइदाहरू छन् । पेसा तथा व्यवसायमा प्रविधिको प्रयोगबाट हुने मुख्य फाइदाहरूलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।



निष्कर्षमा भन्नुपर्दा, आजको द्रुत गतिमा परिवर्तन भइरहेको वातावरणमा प्रतिस्पर्धी रहन र सफल हुनका लागि हरेक पेसा तथा व्यवसायमा प्रविधिको प्रयोग गर्न अन्त्यन्त आवश्यक भएको छ । प्रविधिको लाभ उठाएर, व्यक्ति तथा संस्थाहरूले आफ्नो दक्षता, उत्पादकता, र नाफा बढाउन सक्नुका साथै उनीहरूले काम गर्ने र आफ्ना ग्राहकहरूसँग अन्तरक्रिया गर्ने तरिकामा सुधार गर्न सकिन्छ ।



## खोज क्रियाकलाप

**नेपालमा पछिल्ला दिनहरूमा प्रविधिको प्रयोग कृषिदेखि बैङ्क सम्म विभिन्न क्षेत्रमा हुने गरेको छ । तपाईंको अनुभव, अन्तर्क्रिया वा इन्टरनेटमा खोजी गरी विभिन्न व्यवसायमा प्रविधिको प्रयोग कसरी भइरहेको छ ? कुनै एक एक उदाहरणहरू तलको तालिकामा प्रस्तुत गर्नुहोस् । सजिलोका लागि एउटा उदाहरण प्रस्तुत गरिएको छ अब अन्य पनि त्यसरी नै गर्नुहोस् र साथीलाई सुनाउनुहोस् ।**

| **क्षेत्र** | **प्रविधिको प्रयोग (कुनै एक)** |
|---|---|
| कृषि | हाते ट्र्याक्टरको प्रयोग गरी एकै जना व्यक्तिले सहजरूपमा खेत जोत्न सकिने, हालगोरु नचाहिने, |
| बैङ्क | |
| शिक्षा | |
| स्वास्थ्य | |
| होटेल तथा रेस्टुरेन्ट | |
| किराना तथा कपडा पसल | |
| अन्य कुनै क्षेत्र : | |



## अनुभवमा आधारित क्रियाकलाप

**तपाईं वा तपाईंको परिवारले कुनै प्रविधिको प्रयोग आफ्नो पेसा, व्यवसाय, सामान विक्री तथा खरिद, बैङ्क तथा खेतीपाती वा अन्य कुनै क्षेत्रमा कुनै न कुनै रूपमा गर्नुभएको होला वा अरूले गरेको देख्नुभएको होला । तपाईंले यसरी प्रयोग गर्नभएको, भोग्नुभएको वा देख्नुभएको प्रविधिहरूको सूची बनाउनुहोस् र ती प्रविधिको प्रयोग के काममा गरिएको थियो या गरिन्छ छोटकरीमा उल्लेख गर्नुहोस् ।**

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................................................................................................................................................

..................

**समझिनुपर्ने मुख्य बुदाँहरू**

- आफ्नो पेसा तथा व्यवसायमा सफलता हासिल गर्न हामीसँग उक्त पेसा तथा व्यवसायप्रति ज्ञानको साथसाथै व्यवसाय अघि बढाउने सिप पनि हुन जरुरी छ ।
- समय तथा वित्तीय व्यवस्थापन सही ढङ्गले गर्न सकेमा पेसा तथा व्यवसायमा आइपर्ने कठिनाइको सामना गर्न सकिन्छ ।
- सञ्चार सिप तथा सम्बन्ध विस्तार सिपले आफ्नो व्यवसायलाई थप फैलाउन सहयोग मिल्छ ।
- अनुकुलनशीलता, रचनात्मकता, नेतृत्व तथा विश्लेषणात्मक सिपहरूको सही प्रयोगले कुनै पनि पेसा वा व्यवसायलाई थप मजबुत बनाउँछ ।
- आफूले चाहेको पेसा वा व्यवसायका लागि आवश्यक प्रविधिको सही पहिचान गरी उपयोग गर्न सकेमा पेसा, व्यवसायलाई सहजताका साथ अगाडि बढाउन सकिन्छ ।
- पेसा तथा व्यवसायमा प्रविधिको सही प्रयोग गर्नाले दक्षता बढ्ने, निर्णय प्रक्रिया सहज हुने, सञ्चार परिस्कृत हुने, उत्पादकत्व बढ्ने, लागत बचत हुने हुन्छ र प्रतिस्पर्धात्मक लाभ प्राप्त गर्न सकिन्छ।

## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् ।**

क. पेसामा दिगोपन ल्याउन प्रतिभा र समर्पण दुबै हुनु जरुरी छ । ☐

ख. प्राविधिक ज्ञान र सिपको समायोजनले परिवर्तित समयमा खासै भिन्नता राख्दैन । ☐

ग. समय व्यवस्थापन, उचित सङ्गठन तथा कामको प्राथमिकता निर्धारण गर्नाले व्यक्तिले दक्षता हासिल गर्नमा सहयोगी हुन्छ । ☐

घ. सकारात्मक सोच र निरन्तर प्रयास बिना नै सफलतामा पुग्न सकिन्छ र उक्त सफलता दिगो हुन्छ । ☐

ङ. सञ्चार सिप र सम्बन्ध विस्तार सिप दुबैमा अन्य व्यक्तिसँग गरिने व्यवहार र उनीहरूसँगको समन्वय र सहकार्य महत्त्वपूर्ण हुन्छ । ☐

च. प्रविधिको प्रयोगले निर्णय प्रक्रियामा थप सहजता थापिनुका साथै उत्पादकत्व बढाउन सहज हुन्छ । ☐

छ. नेतृत्व तथा टोली कार्यले पेसा वा व्यवसायमा थप सङ्कट तथा झैझगडा निम्त्याउन भूमिका खेल्दछ । ☐

## पृष्ठपोषण

**माथिको कविता पढिसकेपछि तलका प्रश्नको उत्तर दिनुहोस् ।**

**क. पेसामा दिगोपन ल्याउन के गर्नुपर्छ ?**

उत्तर : प्रतिभा र समर्पणको समन्वय हुनुपर्छ ।

**ख. समयसँगै आफूलाई परिवर्तन गर्न के गर्नुपर्छ ?**

उत्तर : प्राविधिक ज्ञान र सिपको समायोजन गर्नुपर्छ ।

**ग. अरूको कुरा सहज रूपमा बुझ्न मद्दत गर्ने दुई चिजहरू के के हुन ?**

उत्तर : कुशल सञ्चार र सही सहकार्य हुन् ।

**घ. दक्षता कसरी सिर्जना हुन्छ ?**

उत्तर : कार्यमा गरिने प्राथमिकता निर्धारणले दक्षता सिर्जना हुन्छ ।

**ङ. नेतृत्व तथा टोलीकार्य हुनुको फाइदा के हो ?**

उत्तर : यसले अरूलाई प्रेरित गर्दै, अडान लिन मद्दत गर्छ ।

**च. हामी कस्तो सोच राखेर अगाडि बढ्नुपर्छ ?**

उत्तर : हामी सकारत्मक सोच राखेर अगाडि बढ्नुपर्छ ।

**माथिको कविता फेरि एकपटक पढ्नुहोस र तलको खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

क. बदलिँदो विश्वसँगै अघि बढ्न निरन्तर सिकाइ जरुरी हुन्छ ।

ख. हामीले अरू व्यक्तिसँग सहकार्य गर्दै मन जित्नुपर्छ ।

ग. सही समय व्यवस्थापनले आफ्नो कार्यहरूको प्राथमिकता निर्धारण गर्न सहज हुन्छ ।

घ. नेतृत्व र टोलीकार्य सँगसँगै अघि लैजानुपर्ने हुन्छ ।



ङ. हामीमा अरूप्रति सहयोगी भावना र आपसी सम्मान हुनुपर्छ ।

च. निरन्तर कडा परिश्रम, लगाब र मिहेनत सफलताका आधार हुन् ।

**तल बायाँ भागमा पेसा तथा व्यवसाय सम्बन्धी सिपहरू तथा दायाँ भागमा सिप सम्बन्धी केही उदाहरण दिइएका छन् ।**

| सिपहरू | | उदाहरण |
|---|---|---|
| क. सञ्चार | (घ) | पैसालाई सही ढङ्गले परिचालन गर्ने |
| ख. रचनात्मक | (छ) | नयाँ परिस्थितिअनुसार आफूलाई ढाल्ने |
| ग. समस्या समाधन | (ज) | हरेक कामलाई समय सीमामा गर्ने |
| घ. वित्तीय व्यवस्थापन | (ख) | नयाँ नयाँ सोचलाई अघि बढाउने |
| ङ. सम्बन्ध विस्तार | (क) | हरेक व्यक्तिसँग सही तरिकाले कुरा गर्ने |
| च. नेतृत्व | (ग) | जुनसुकै कठिनाईलाई सामना गर्न तयार हुने |
| छ. अनुकुलनशिलाता | (च) | टोलीलाई सही तरिकाले परिचालन गर्ने |
| ज. समय व्यवस्थापन | (ङ) | आफ्नो पेसासँग सम्बन्धित व्यक्तिको सम्पर्कमा रहने |

**तलको तालिकामा सूचना प्रविधिसँग सम्बन्धित केही तस्विर दिइएका छन् । ती तस्विर केसँग सम्बन्धित छन् र कुन प्रयोजनका लागि प्रयोग गरिन्छन् । तालिकाको दायाँ भागमा उल्लेख गर्नुहोस् । यस अभ्यास गर्नका लागि अन्य व्यक्तिको सहयोग पनि लिन सक्नुहुन्छ । सजिलोका लागि एउटा उदाहरण दिइएको छ ।**

| | |
|---|---|
| We Accept fonepay | यो फोन पे हो जसलाई कुनै पनि सामान खरिद गर्दा पैसा तिर्नका लागि प्रयोग गर्न सकिन्छ, यसको प्रयोगले सिधै इस्क्यान गरेर पैसा तिर्न सकिने हुँदा गोजीमा पैसा बोक्नुपर्दैन । |
|   | यो इसेवा यो विभिन्न सेवाको पैसा तिर्न र पैसा पठाउन प्रयोग गरिन्छ । |
|  | यो दराजमल हो यसमा अनलाइनबाट नै रोजी रोजी सामान किन्न सकिन्छ । |
| pathao | यो पठाओ हो, यसमा आफूले चाहेको बेलामा मोटरसाइकल वा ट्याक्सीलाई अनलाइनबाट आफू बसेको ठाउँमा बोलाएर गन्तव्यमा जान सकिन्छ । |
|  | यो हाते ट्याक्टरहो जसलाई एक जना व्यक्तिले सहजै रूपमा खेत जोत्न प्रयोग गर्न सक्छ । |
|  | यो प्रोजेक्टर हो जसको प्रयोगले आफ्नो प्रस्तुतिलाई सहज ढङ्गले अरूका अगाडि राख्न सकिन्छ । |

## स्वमूल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (×) चिह्न दिनुहोस् ।**

झ. पेसामा दिगोपन ल्याउन प्रतिभा र समर्पण दुबै हुनु जरुरी छ । √

ञ. प्राविधिक ज्ञान र सिपको समायोजनले परिवर्तित समयमा खासै भिन्नता राख्दैन । ×

ट. समय व्यवस्थापन, उचित सङ्गठन तथा कामको प्राथमिकता निर्धारण जस्त कार्य व्यक्तिले दक्षता हासिल गर्नमा सहयोगी हुन्छन् । √

ठ. सकारात्मक सोच र निरन्तर प्रयास बिनानै सफलतामा पुग्न सकिन्छ र उक्त सफलता दिगो हुन्छ । ×

ड. सञ्चार सिप र सम्बन्ध विस्तार सिप दुबैमा अन्य व्यक्तिसँग गरिने व्यवहार र उनीहरू सँगको समन्वय र सहकार्य महत्त्वपूर्ण हुन्छ । √

ढ. प्रविधिको प्रयोगले निर्णय प्रक्रियामा थप सहजता थापिनुका साथै उत्पादकत्व बढाउन सहज हुन्छ । √

ण. नेतृत्व तथा टोली कार्यले पेसा वा व्यवसायमा थप सङ्कट तथा झैझगडा निम्त्याउन भूमिका खेल्दछ । ×

## पृष्ठपोषण (पाठ सुरुहुनुभन्दा अगाडिको)

**सही उत्तरमा (√)चिह्न लगाउनुहोस्**

**१. पेसा वा व्यवसाय छनोटको प्रमुख आधार के हो ?**

क. इच्छाएको वा चाहेको पेसा गर्ने,

ख. व्यक्तित्व विकास हुने पेसा गर्ने,

ग. आफ्नो सिप तथा दक्षताअनुसारको पेसा गर्ने,

घ. माथिका सबै, √

**२. हरेक पेसाको सम्मान किन गर्नुपर्छ ?**

क. समाजमा सबै पेसाको समान महत्त्व भएकाले, √

ख. एउटा पेसामा लागेको व्यक्तिले अर्को व्यक्तिलाई विभेद गर्नाले,

ग. कुनै पेसा ठुलो वा कुनै पेसा सानो हुनाले,

घ. एउटा पेसा भएकाले अर्कालाई हेर्ने दृष्टिकोण फरक भएकाले,

**३. आम्दानीको सही उपयोग गर्ने तरिका कुन हो ?**

क. आफूले मन लागेको चिजमा जथाभाबी खर्च गर्ने,

ख. मन परेको कुरा तुरुन्तै गर्ने,

ग. आफूले जानेको क्षेत्रमा थप लगानी गर्ने,√

घ. माथिका सबै,

**४. पेसा वा व्यवसायमा सफलता प्राप्त गर्न चाहिने मुख्य सिप कुन हो ?**

क. सञ्चार सिप,

ख. समस्या समाधान सिप,

ग. समय व्यवस्थापन सिप,

घ. माथिको सबै, √

**तल दिइएका वाक्यहरू सही भए (√) र गलत भए(×) चिह्न लगाउनुहोस।**

१. सामाजिक सद्भाव कायम राख्न सबै पेसा तथा व्यवसायलाई उचित सम्मान र महत्व दिनु आवश्यक छ। √

२. किसानले उब्जनी गर्ने तरकारी, डाक्टरले गर्ने स्वास्थ्य सेवा, शिक्षकले दिने शिक्षा सबै एकअर्काका परिपूरक मानिन्छन्। √

३. पेसागत विविधता कायम हुनु भनेको समाजमा विभेद निम्त्याउने प्रमुख तत्त्व हो। ×

४. आफ्नो पेसा वा व्यवसायबाट व्यक्तित्व विकास हुनुपर्छ भन्ने धारणाले खासै असर गर्दैन। ×

५. आफूले चाहेको क्षेत्रमा काम नगर्दा काममा मन नलाग्ने तथा ठिक परिणाम दिन नसक्ने सम्भावना रहन्छ। √

६. हामीले काममा मात्र बढी चिन्ता राख्दा र समय बिताउँदा आफ्नो दैनिक जीवनसँग सन्तुलन राख्न आवश्यक हुँदैन। ×

७. हामीले आफ्नो आम्दानीलाई खानपान तथा लत्ताकपडा र मनोरञ्जनका क्षेत्रमा बढी खर्च गर्नु धेरै उपयुक्त हुन्छ। ×

८. सानो सानो भए पनि बचत गर्ने बानीले भविष्यमा लगानीका अवसर सदुपयोग गर्न सकिन्छ। √

९. नेपालको सहरी क्षेत्रमा आम्दानीको ठुलो हिस्सा आवासमा तथा ग्रामीण क्षेत्रमा खानपानमा बढी खर्च हुन्छ। √

१०. प्राविधिक ज्ञान र सिपको समायोजनले परिवर्तित समयमा खासै भिन्नता राख्दैन । ×

११. समय व्यवस्थापन, उचित सङ्गठन तथा कामको प्राथमिकता निर्धारण जस्ता कार्य व्यक्तिले दक्षता हासिल गर्नमा सहयोगी हुन्छन्। √

१२. सञ्चार सिप र सम्बन्ध विस्तार सिप दुबैमा अन्य व्यक्तिसँग गरिने व्यवहार र उनीहरूसँगको समन्वय र सहकार्य महत्वपूर्ण हुन्छ। √

तह

# २

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन, जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री